annapurnapost.com

अन्नपूर्ण पोस्ट

वर्ष २५, अंक ९७, पृष्ठ ८ | काठमाडौं, बुधबार २० साउन २०८३ | श्रावण कृष्णपक्ष सप्तमी नेपाल संवत् ११४६ | WEDNESDAY, AUGUST 5, 2026 | मूल्य : रु. १०

मुख्यमन्त्री छान्दा एमालेमा भीषण 'पावर गेम'

कांग्रेससँगको गठबन्धन तोडेर एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच नयाँ सत्ता सहकार्य बनेसँगै प्रदेश सरकार पुनर्गठन र मुख्यमन्त्री चयनलाई लिएर एमालेभित्र चर्को आन्तरिक शक्ति संघर्ष सुरु भएको छ। दुई दलबीच भएको भागबन्डाअनुसार एमालेको भागमा परेका कोशी, बागमती र लुम्बिनी प्रदेशमा मुख्यमन्त्रीको आकांक्षीलाई लिएर तीव्र गुटबन्दी र विवाद बढेको छ।

सुरेन्द्र काफ्ले | *काठमाडौं*

विस्तृत पृष्ठ २

मधेस मन्थन : सद्भावको संकल्प

विभाजन होइन, सद्भाव र सहअस्तित्व

डा. सुष्मा तिवारी
उपप्राध्यापक



हरि गौतम
अध्यक्ष, वीरगन्ज उद्योग वाणिज्य संघ

मनोज राम
दलित अभियन्ता

तबरेज अहमद
उपप्राध्यापक

प्रकाश थारू
सामाजिक अभियन्ता

सलाउद्दिन अहमद
शिक्षक

क्रान्ति शाह | *वीरगन्ज*

मधेसमा पछिल्लो समय बढ्दै गएको धार्मिक तथा साम्प्रदायिक विद्वेषप्रति चिन्ता व्यक्त गर्दै वीरगन्जका स्थानीय बुद्धिजीवी, नागरिक समाज र शिक्षा क्षेत्रका अगुवाहरूले मधेसको मौलिक पहिचान विभाजन नभई आपसी सद्भाव, सहअस्तित्व र भाइचारा रहेको स्पष्ट पारेका छन्।

चाडपर्वका नाममा हुने देखावटी प्रदर्शन, सामाजिक सञ्जालमा फैलिने भ्रामक अफवाह र व्याप्त गरिबी-बेरोजगारीका कारण अविश्वास बढेको औंल्याउँदै उनीहरूले धर्मलाई व्यक्तिगत आस्थामा मात्रै सीमित राखी सामाजिक एकता कायम राख्न, रोजगारीको सिर्जना गर्न र सबै समुदायले संयमता अपनाउनुपर्नेमा जोड दिएका छन्।

» मधेस मन्थनमा सहभागीको विचार पृष्ठ ३

किन रोकियो १०४ कम्पनीको आईपीओ निष्कासन

भवनाथ प्याकुरेल | *काठमाडौं*

प्राथमिक सेयर (आईपीओ) निष्कासनको पाइपलाइनमा रहेका १०४ कम्पनी रोकिएका छन्। पुँजी वृद्धि गर्ने भन्दै विगत ३ वर्षदेखि नेपाल धितोपत्र बोर्ड (सेबोन) मा निवेदन दिई स्वीकृतिका लागि अनुमति माग्न गएका कम्पनीलाई सेबोनले रोकेको हो। निवर्तमान अध्यक्ष सन्तोषनारायण श्रेष्ठ आर्थिक विवादमा तानिएपछि आईपीओ निष्कासन विवादमा आउन थालेको थियो।

नयाँ सरकारले असार ५ गते नियुक्त गरेका सेबोन अध्यक्ष डा. गोपालप्रसाद भट्टले अहिलेसम्म कुनै पनि आईपीओ स्वीकृति दिने अनुमति दिएका छैनन्। उनी नीतिगत सुधार, प्राथमिक सेयर व्यवस्थापनलगायत विषयमा काम गरिरहेको सेबोन स्रोत बताउँछ।

प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ) मार्फत सर्वसाधारणबाट पुँजी जुटाउने तयारीमा रहेका कम्पनीको कुल ४७ करोड २८ लाख ९४ हजार १ सय ६३ कित्ता सेयर आवश्यक कागजात अपूरा रहेका कारण अघि बढ्न नसकेको सेबोनले जनाएको छ। सेबोनमा ३ वर्ष अघिदेखि आवेदन दिएका कम्पनीले नियामकीय प्रक्रिया पूरा गर्न नसक्दा आईपीओ स्वीकृति पर्खिरहेका हुन्।

सेबोनका उपकार्यकारी निर्देशक तथा प्रवक्ता निरञ्जय घिमिरेले पाइपलाइनमा रहेका कम्पनीले पूरा कागजात नल्याएका कारण आईपीओ निष्कासन अनुमति दिन नमिलेको बताए। उनले भने, 'कागजात पुगेका कम्पनीलाई सेबोनले रोकेको छैन।'

'नयाँ अध्यक्ष आएपछि आईपीओ निष्कासनको आशा गरेका थियौं। उहाँ आउनुभएको पनि एक महिनाभन्दा बढी भइसक्दा प्रक्रिया अगाडि नबढ्दा पीडा बढ्दै गएको छ।'

मोहन डाँगी, अध्यक्ष, इप्पान

'पाइपलाइनमा रहेका कम्पनीले पूरा कागजात नल्याएका कारण आईपीओ निष्कासन अनुमति दिन नसकिएको हो। कागजात पुगेका कम्पनीलाई सेबोनले रोकेको छैन।'

निरञ्जय घिमिरे, प्रवक्ता, सेबोन

सेबोनको पाइपलाइनमा रहेका कम्पनीमध्ये सबैभन्दा बढी ३४ वटा जलविद्युत् क्षेत्रका छन्। उत्पादन तथा प्रशोधन क्षेत्रका ३०, होटल तथा पर्यटन क्षेत्रका १८, अन्य क्षेत्रका १४, लगानी कम्पनीका ५ तथा लघुबिमा क्षेत्रका ३ कम्पनी आईपीओ स्वीकृतिको प्रतीक्षामा छन्। यी कम्पनीले आवेदन दिए पनि आवश्यक कागजात र विवरण पूरा नभएका कारण प्रक्रिया लम्बिएको हो।

» बाँकी पृष्ठ २

सत्ता सहकार्य फेरिएपछि एमालेमा रडाको

सुरेन्द्र काफ्ले | *काठमाडौं*

कांग्रेस-एमाले गठबन्धन भत्किएर एमाले र नेपाली कम्युनिस्ट पार्टी (नेकपा) बीच नयाँ सत्ता सहकार्य बनेसँगै प्रदेश सरकार पुनर्गठनमा रस्साकसीबीच सुरु भएको छ। सत्ता बाँडफाँटभन्दा ठूलो चुनौती मुख्यमन्त्री चयन बनेको छ। बागमतीदेखि कोशी र लुम्बिनीसम्म एमालेभित्रै चर्को शक्ति संघर्ष देखिएको छ भने नेकपाले नेतृत्व गर्ने प्रदेशहरूमा पनि आकांक्षी नेताहरूबीच प्रतिस्पर्धा तीव्र छ। कर्णालीमा मात्र नयाँ मुख्यमन्त्री नियुक्त भइसकेका छन्, बाँकी प्रदेशमा भने नेतृत्वको टुंगो लगाउन शीर्ष नेतृत्व नै सकसमा परेको छ।

एमाले अध्यक्ष केपी शर्मा ओली र नेकपा संयोजक पुष्पकमल दाहालबीचको सहमतिअनुसार एमालेको भागमा कोशी, बागमती र लुम्बिनी परेका छन्। नेकपाले कर्णाली र सुदूरपश्चिम पाएको छ। गण्डकी र मधेस प्रदेशको भागबन्डा भने टुंगिन बाँकी छ। मधेसमा उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपालीले पाउने सम्भावना छ।

नयाँ सहमतिअनुसार नै कर्णाली प्रदेशमा नेपाली कम्युनिस्ट पार्टीबाट मुख्यमन्त्रीमा मंगलबहादुर शाही चयन भइसकेका छन् भने बाँकी ५ वटा प्रदेशमा मुख्यमन्त्रीको बन्ने भन्ने विषयमा रस्साकस्सी भइरहेको छ। यो सहमतिप्रति एमालेकै एकथरी र नेकपाको माधवकुमार नेपाली पक्ष असन्तुष्ट त छँदै छन्, तर मुख्यमन्त्रीको विषयमा एमालेभित्रै ठूलो रडाको मच्चिरहेको छ।

पछिल्लो समय पुनर्गठन पक्षधर र अध्यक्ष केपी शर्मा ओलीबीच हानथाप नै देखिएको छ। बागमती र कोशी प्रदेशमा मारामारको अवस्था छ। बागमती प्रदेशको मुख्यमन्त्रीमा विवाद बढेपछि अध्यक्ष ओलीले दाबेदारहरूलाई आफ्नै निवास गुण्डु बोलाए। मध्यरातसम्म भनाभन र विवाद भयो। मुख्यमन्त्रीका मुख्य दाबेदार रहेका जगन्नाथ थपलिया भने सोही क्रममा ढले। संसदीय दलका नेतासमेत रहेका थपलियालाई नै मुख्यमन्त्री बनाउन अध्यक्ष ओली सहमत थिए। तर, पार्टी सचिव महेश बस्नेत भने भक्तपुरकै पूर्वस्वास्थ्यमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य किरण थापालाई मुख्यमन्त्री बनाउन चाहन्छन्।

थापा सूर्यविनायक नगरपालिका-८ को वडाध्यक्षबाट एकैचोटि फड्को मारेर प्रदेशसभा सदस्य हुँदै पटक-पटक प्रदेशमा मन्त्री भइसकेका छन्। थापालाई सचिव बस्नेतको साथ छ। बस्नेतले थपलियालाई मुख्यमन्त्री बनाउने विषयमा सहमति जुटेपछि त्यसविरुद्ध हस्ताक्षर अभियान नै सञ्चालन गरे। बस्नेतकै दबाबमा थपलियासहितका नेताहरूलाई गुण्डु बोलाएर दाबीबाट पछि हट्न दबाब सिर्जना गरिएको थियो। त्यस अवस्थामा तीव्र विवाद भयो। मुख्यमन्त्री बन्नबाट रोक्नका लागि अनावश्यक दबाब दिएपछि भएको विवादले उग्ररूप लिँदा थपलिया बेहोस नै भए। उनी वीर अस्पतालमा भर्ना भएका छन्।

१ सय १० सदस्यीय बागमती प्रदेशसभामा नेपाली कांग्रेस, नेकपा एमाले, नेकपालगायतका ६ दल छन्। बहुमतका लागि ५६ सांसद चाहिन्छ। ३७ सिटसहित कांग्रेस पहिलो दल छ। नेकपाको २७ र एमाले २७ सांसदसहित तेस्रो स्थानमा छ। राप्रपासँग १३ सिट, नेमकिपासँग ३, हाम्रो नेपाली पार्टीसँग २ र सामाजिक लोकतान्त्रिक पार्टीसँग १ सिट रहेको छ।

बागमती प्रदेशका एमाले संसदीय दलका प्रमुख सचेतक एकालाल श्रेष्ठ संसदीय दलको नेताको हैसियतमा थपलिया नै मुख्यमन्त्री हुने बताउँछन्। 'केन्द्रबाट कुनै नयाँ निर्णय आएर परिवर्तन भए मात्रै हो, नत्र थपलिया नै मुख्यमन्त्री हो,' उनले भने। अर्का मुख्यमन्त्रीका दाबेदार भनिएका थापा जुनियर नेता भएको पनि उनको टिप्पणी छ। उनले थपलिया गुण्डुको छलफलमा 'स्ट्रेस'ले बेहोस भएको पनि बताए। 'छलफलका क्रममा 'स्ट्रेस' भयो र उहाँ बेहोस हुनुभयो, अहिले आराम गरिरहनुभएको छ,' उनले भने।

पार्टीभित्र केही आकांक्षी भए पनि त्यसको व्यवस्थापन हुने श्रेष्ठको दाबी छ। 'एक-दुई जना आकांक्षी हुनुहुन्छ, त्यसको व्यवस्थापन भइहाल्छ,' उनले भने। नेकपासँगको सहमतिअनुसार एमालेबाटै बागमतीको मुख्यमन्त्री हुने उनले बताए। तर, बहुमतका लागि केही सिट कम रहेकाले राप्रपासँगको सहकार्यको प्रयास पनि भइरहेको उनले जनाए। 'राप्रपाको समर्थन आउनेबित्तिकै हामी सरकार बनाउँछौं,' उनले भने।

एमाले सचिव महेश बस्नेतले भने थपलिया बेहोस भएर ढलेको भन्दा पनि आफ्नो धारणा राख्ने क्रममा गला अवरुद्ध भएको र सामान्य स्वास्थ्य असहजता मात्र देखिएको दाबी गरेका छन्। उनले भनेका छन्, 'छलफलका क्रममा आफ्नो धारणा राख्ने क्रममा उहाँ केही भावुक हुँदा गला अवरुद्ध भएको र सामान्य स्वास्थ्य असहजता देखिएको अवस्थालाई तोडमोड गरेर प्रचार गरिएको हो। यसलाई अनावश्यक रूपमा अतिरञ्जित नगर्न र यस्ता भ्रामक समाचारप्रति विश्वास नगर्न सबैमा हार्दिक अनुरोध गर्दछु।'

अर्का नेता केशव पोखरेललाई मुख्यमन्त्री बनाउन निवर्तमान वरिष्ठ नेता ईश्वर पोखरेलले प्रयास गरेका छन्। हाल बागमती प्रदेशमा कांग्रेसका इन्द्रबहादुर बानियाँ मुख्यमन्त्री छन्। अल्पमतमा परिसकेका बानियाँ सरकार जोगाउने अन्तिम प्रयासमा लागिरहेका छन्। उनले मंगलबार नै हाम्रो नेपाली पार्टीका संसदीय दलका नेता शैलेन्द्रमान बज्राचार्यलाई भौतिक पूर्वाधार विकासमन्त्री बनाएका छन्।

कोशीमा रडाको

कोशी प्रदेशमा हाल एमालेकै नेतृत्वमा सरकार छ। मुख्यमन्त्री छन् पार्टीका सचिव हिक्मत कार्की। उनी कांग्रेससँगको गठबन्धनबाट मुख्यमन्त्री बनेका हुन्। तर, अब नेकपासँगको नयाँ गठबन्धनपछि उनलाई विस्थापित गरेर अर्का नेतालाई मुख्यमन्त्री बनाउन पार्टीका अर्का सचिव एवं पूर्वमुख्यमन्त्री शेरधन राई नै सक्रिय भएका छन्। पार्टी पुनर्गठनको पक्षमा लागेको भन्दै कार्कीसँग पछिल्लो समय ओली पनि असन्तुष्ट छन्।

ओलीकै निर्वाचन क्षेत्रका कार्कीलाई हटाएर ताप्लेजुङबाट निर्वाचित तिलकुमार मेन्याङ्बोलाई पार्टी अध्यक्ष केपी शर्मा ओलीको तर्फबाट नयाँ अनुहारका रूपमा मुख्यमन्त्रीका लागि अगाडि सारिएको छ। त्यसका लागि सचिव शेरधन राई खटिएका छन्। उनले मुख्यमन्त्री कार्कीलाई मार्गप्रशस्त गर्न आग्रह गरेका छन्। कार्कीले सोमबार पार्टी सचिवालयको एउटा बैठक पनि बसाइसकेका छन्। तर, उक्त बैठकले समाधान नदिएपछि अध्यक्ष ओलीले कोशीका नेताहरूलाई काठमाडौं बोलाएर छलफल गरेका छन्।

ओलीले प्रदेश अध्यक्ष घनश्याम खतिवडा र सचिव राजकुमार भण्डारीसँग छलफल गरेका हुन्। उनले कार्कीसँग पनि एक्लै भेटेर छलफल गरेका छन्। मुख्यमन्त्री कार्कीले भने पार्टीको आधिकारिक निर्णयपछि मात्रै आफूले मुख्यमन्त्री छाड्ने बताउँदै आएका छन्।

कोशी प्रदेशको सबैभन्दा ठूलो दल एमाले नै हो। ९३ सिट रहेको कोशी प्रदेश सभामा एमालेको ४०, कांग्रेसको २९, नेकपाको १७, राप्रपाको ५ र जनता समाजवादी पार्टीको १ सिट छ।

लुम्बिनीमा निरन्तरता कि नयाँ अनुहार ?

लुम्बिनी प्रदेश पनि एमालेकै भागमा परेको छ। हाल एमालेकै चेतनारायण आचार्य मुख्यमन्त्री छन्। उनलाई पनि हटाएर अर्को नेतालाई मुख्यमन्त्री बनाउने गृहकार्यमा नेतृत्व लागेको छ। आचार्यलाई निरन्तरता दिने कि नयाँ अनुहार ल्याउने भन्ने विषयमा एमालेभित्र विवाद छ। उपाध्यक्ष विष्णुप्रसाद पौडेल र महासचिव शंकर पोखरेल आचार्यलाई नै निरन्तरता दिन चाहन्छन्।

पौडेल र पोखरेल दुवै लुम्बिनीकै हुन्। अध्यक्ष ओली भने त्यहाँ पनि नेतृत्व परिवर्तन गर्ने पक्षमा छन्। भूमिश्वर ढकाल र पूर्वमुख्यमन्त्री लीला गिरी पनि दाबेदार देखिएका छन्। गिरी १०० दिनमात्र मुख्यमन्त्री भएका थिए। उनलाई अपमानजनक रूपमा हटाइएकाले पुनः मौका दिनुपर्ने तर्क पनि गर्ने गरिएको छ। तत्कालका लागि आचार्यलाई निरन्तरता दिने भनिए पनि पार्टी नेतृत्व भने लुम्बिनीमा पनि अनुहार फेर्ने पक्षमा छ।

लुम्बिनी प्रदेशमा एमालेका २९, कांग्रेसका २७, नेकपाका १३, राप्रपाका ४, जनता समाजवादी पार्टी नेपालीका ५, जनमत पार्टीका ३, राष्ट्रिय जनमोर्चाका १ र स्वतन्त्र १ सांसद छन्।

कर्णाली प्रदेश

कर्णाली प्रदेश नेपाली कम्युनिस्ट पार्टीको भागमा परेको छ। जब कि यसअघि त्यहाँ एमालेकै यामलाल कँडेल मुख्यमन्त्री थिए। एमाले र नेकपाको सहमतिलगत्तै मुख्यमन्त्री परिवर्तन गरिएको छ। नेकपाबाट मंगलबहादुर शाही मुख्यमन्त्री भइसकेका छन्। तर, पूर्वमुख्यमन्त्री कँडेललगायतको समूह यस निर्णयप्रति असन्तुष्ट छ। 'जसले एमालेको नेतृत्व भत्काउन हरदम प्रयास गऱ्यो, उसैलाई मुख्यमन्त्री मान्नुपर्ने बाध्यता आइलाग्यो,' भन्दै कँडेललगायत नेताहरूले आक्रोश पोख्दै आएका छन्।

कर्णालीमा मुख्यमन्त्री परिवर्तनको विषयमा एमाले उपमहासचिव योगेश भट्टराईसम्मले असन्तुष्टि व्यक्त गरेका छन्। ४० सदस्यीय प्रदेशसभामा कांग्रेस र नेकपाका १४/१४ सिट छन् भने एमालेका १०, राप्रपाका १ र स्वतन्त्र १ सांसद छन्।

सुदूरपश्चिम प्रदेश

सुदूरपश्चिम प्रदेशमा हाल कांग्रेसको नेतृत्वमा सरकार छ। मुख्यमन्त्री कमलबहादुर शाह छन्। एमाले-नेकपा सहमतिअनुसार त्यहाँ नेकपाले नेतृत्व पाउनेछ। त्यहाँ नेकपाबाट कसले नेतृत्व गर्ने भन्ने विषयमा विवाद रहँदै आएको छ। पटक-पटक मुख्यमन्त्रीको दाबी गर्दै आएका पुराना नेता खगराज भट्ट यसपटकका मुख्य दाबेदार हुन्। तर, उनलाई मुख्यमन्त्री हुन नदिन नेकपाकै केही नेता लागिपरेका छन्। नेकपा सांसद नरेश शाहीले भने भट्टकै नाम मुख्यमन्त्रीमा टुंगो लागिसकेको बताए। 'हाम्रो तर्फबाट भट्ट नै मुख्यमन्त्री हो,' उनले भने।

तर, वर्तमान मुख्यमन्त्रीले राजीनामा नदिएका कारण प्रक्रिया अघि बढेको छैन। एमाले र नेकपाले वर्तमान मुख्यमन्त्री शाहलाई राजीनामा दिन दबाब दिइरहेका छन्। एमालेले समर्थन फिर्ता लिएपछि मुख्यमन्त्री शाह अल्पमतमा परेका छन्। नेकपा सांसद शाहीले एमालेसँग मिलेर सरकार बनाउने सबै विषय टुंगोमा पुगिसकेकाले मार्गप्रशस्त गर्न मुख्यमन्त्रीलाई आग्रह गरिएको बताए।

सुदूरपश्चिममा सबैभन्दा ठूलो दल नेकपा नै हो। ५३ सदस्यीय प्रदेशसभामा नेकपाका २२, नेपाली कांग्रेसका १८, एमालेका ११ र राप्रपाका १ सांसद छन्। जसमा स्वतन्त्रबाट निर्वाचित डा. तारा जोशी प्रतिनिधिसभामा निर्वाचित भइसकेका छन्। नेकपाका दीर्घ सोडारी निलम्बनमा छन् भने कांग्रेसका प्रकाश देउवा अमेरिका गएका छन्। हाल सुदूरपश्चिम प्रदेशसभामा ५० जना सांसद बहाल छन्।

गण्डकी र मधेस अझै अन्योलमा

गण्डकी र मधेस प्रदेशमा वर्तमान सरकारले निरन्तरता पाउँछ कि नयाँ सरकार बन्छ भन्ने अन्योल नै छ। दुवै प्रदेशमा कांग्रेसकै नेतृत्वमा सरकार छ। कांग्रेस सभापति गगन थापा नै गठबन्धनको विपक्षमा उभिएपछि प्रदेश सरकारहरूमा एमाले र नेकपा सहकार्य गर्न पुगेका हुन्। अन्य पाँचवटा प्रदेशको विषय टुंग्याए पनि गण्डकी र मधेस प्रदेशका बारेमा सहमति हुन बाँकी रहेको एमाले नेता रश्मी आचार्यले जानकारी दिए।

गण्डकी प्रदेशका हकमा यसअघि कांग्रेससँगको सहमतिअनुसार हालका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेपछि एमालेका खगराज अधिकारीलाई मुख्यमन्त्री बनाउने सहमति भएको थियो। तर, केन्द्रमा गठबन्धन फेरिएपछि अब के हुन्छ भन्ने विषयमा अन्योल छ। गण्डकीबाट प्रतिनिधित्व गर्ने एमाले नेता आचार्य पनि गण्डकीका हकमा अझै निर्णय भइनसकेको बताउँछन्।

गण्डकी प्रदेशसभामा कांग्रेसका २७, एमालेका २२, नेकपाका ७, राप्रपाका २, नेपाली समाजवादी पार्टीका १ र स्वतन्त्र १ जना सांसद छन्। अहिलेको अवस्थामा पार्टी यस्तो गञ्जागोलमा फस्न नहुने आचार्यको भनाइ छ। 'हिजोका प्रश्नको जवाफ नदिइकन फेरि सत्ताको फोहोरी खेलमा लाग्नु हुँदैन भन्ने मेरो भनाइ हो। पुराना कमजोरी नसच्याइ नयाँ कमजोरी गर्नु हितकर हुँदैन,' उनले भने।

मधेस प्रदेशमा हाल नेपाली कांग्रेसको नेतृत्वमा सरकार छ। कृष्णप्रसाद यादव मुख्यमन्त्री छन्। यो प्रदेशको विषयमा एमाले र नेकपाले अझै कुनै निर्णय गरेका छैनन्। १०७ सदस्यीय मधेस प्रदेशसभामा एमालेका २४, कांग्रेसका २२, जनता समाजवादी पार्टीका २८, जनमत पार्टीका १२, नेकपाका १५, नेपाली संघीय समाजवादी पार्टीका १ र राप्रपाका १ सांसद छन्।

कोशी

हिक्मत कार्की

तिलकुमार मेन्याङ्बो

बागमती

जगन्नाथ थपलिया

किरण थापा

लुम्बिनी

चेतनारायण आचार्य

लीला गिरी

संसदीय दलको नेताको हैसियतमा जगन्नाथ थपलिया नै बागमती प्रदेशको मुख्यमन्त्री बन्ने हो। केन्द्रबाट कुनै नयाँ निर्णय आएर परिस्थिति परिवर्तन भए मात्रै अर्कै कुरा हो, नत्र यसमा दुविधा छैन। पार्टीभित्र एक-दुई जना आकांक्षी हुनु स्वाभाविकै हो, त्यसलाई हामी मिलाइहाल्छौं। राप्रपाको समर्थन पाउनेबित्तिकै हामी यहाँ सरकार बनाउँछौं।

एकालाल श्रेष्ठ
प्रमुख सचेतक, एमाले बागमती प्रदेश संसदीय दल

हिजोका प्रश्नको जवाफ नदिइकन फेरि सत्ताको फोहोरी खेलमा लाग्नु हुँदैन। पुराना कमजोरीहरू नसच्याई फेरि नयाँ कमजोरी गर्नु पार्टीका लागि हितकर हुँदैन।

रश्मी आचार्य
नेता, नेकपा (एमाले)

किन...

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था (इप्पान) ले भने आफूहरूलाई कुन-कुन कागजात चाहिएको हो भन्ने जानकारी नपाएका कारण अल्मल्याइएको जनाएको छ। इप्पानका अध्यक्ष मोहन डाँगीले वार्षिक लगभग २२ अर्बका आयोजना र त्यसको ब्याज १० प्रतिशतलाई नै आधार मान्ने हो भने पनि ४ देखि ५ अर्ब रुपैयाँ नोक्सान भइसकेको बताए। उनले भने, 'नयाँ अध्यक्ष आएपछि आईपीओ निष्कासनको आशा गरेका थियौं। उहाँ आउनुभएको पनि एक महिनाभन्दा बढी भइसक्दा प्रक्रिया अगाडि नबढ्दा पीडा बढ्दै गएको छ।'

सेबोनको तथ्यांकअनुसार आईपीओ निष्कासनको अनुमति माग्ने कम्पनीमध्ये रकमका आधारमा उत्पादन तथा प्रशोधन क्षेत्र अगाडि रहेको छ। यस क्षेत्रका ३० कम्पनीले ३५ अर्ब ३५ करोड रुपैयाँभन्दा बढीको आईपीओ प्रस्ताव गरेका छन्। जगदम्बा स्टिल्स, अम्बे स्टिल्स, शौर्य सिमेन्ट, मारुती सिमेन्ट, लक्ष्मी टेक्नोप्लास्टिक, श्री डिस्टिलरी, महाशक्ति सिमेन्ट र भूगर्भ सिमेन्ट यस सूचीमा रहेका प्रमुख कम्पनी हुन्।

जलविद्युत् क्षेत्रका ३४ कम्पनीले १७ अर्ब ५० करोड रुपैयाँभन्दा बढीको आईपीओ निष्कासनका लागि आवेदन दिएका छन्। होटल तथा पर्यटन क्षेत्रका १८ कम्पनीले ६ अर्ब ४५ करोड रुपैयाँ, अन्य व्यावसायिक क्षेत्रका १४ कम्पनीले ५ अर्ब ९० करोड रुपैयाँ, लगानी समूहका ५ कम्पनीले ३ अर्ब ४१ करोड रुपैयाँ तथा ३ माइक्रो इन्स्योरेन्स कम्पनीले ६७ करोड ५० लाख रुपैयाँबराबरको आईपीओ प्रस्ताव गरेका छन्।

रकमका आधारमा जगदम्बा स्टिल्सको ६ अर्ब ६२ करोड रुपैयाँबराबरको आईपीओ प्रस्ताव सबैभन्दा ठूलो रहेको छ। त्यसपछि सौर्य सिमेन्ट, मारुती सिमेन्ट्स, सिउरी न्यादी पावर र रिद्धिसिद्धि सिमेन्टका प्रस्ताव छन्।

मारुती सिमेन्ट्स, सौर्य सिमेन्ट, जगदम्बा स्टिल्स, अम्बे स्टिल्स, हुलास इन्फ्रा, रिद्धिसिद्धि सिमेन्ट, श्री एयरलाइन्स, कैलाश हेलिकप्टर, नुम्बुर हिमालय हाइड्रोपावर र शिवम् होल्डिङ्सलगायत कम्पनीले प्रिमियम मूल्यमा आईपीओ निष्कासनको अनुमति मागेका छन्।

आईपीओ स्वीकृतिका लागि कम्पनीले अद्यावधिक लेखापरीक्षण प्रतिवेदन, वित्तीय विवरण, नियामकीय निकायबाट प्राप्त अनुमति, कर चुक्ता प्रमाण, संस्थागत सुशासनसम्बन्धी विवरण तथा अन्य आवश्यक कागजात पेस गर्नुपर्ने व्यवस्था छ। कतिपय कम्पनीका कागजात अपूरा रहेको, केहीको विवरण सच्याउनुपर्ने र केहीको थप स्पष्टीकरण आवश्यक परेकाले स्वीकृति प्रक्रिया तत्काल अगाडि बढ्न नसकेको सेबोनले जनाएको छ।

बजार विश्लेषकहरूका अनुसार पाइपलाइनमा ठूलो संख्यामा कम्पनी रहनुले आगामी दिनमा प्राथमिक सेयर बजार थप चलायमान बन्ने संकेत गरेको छ। विशेषगरी जलविद्युत्, उत्पादन तथा पर्यटन क्षेत्रका कम्पनीको आईपीओप्रति लगानीकर्ताको चासो छ। तर, नियामकीय मापदण्ड पूरा नगरी कुनै पनि कम्पनीलाई आईपीओ जारी गर्ने अनुमति नदिइने भएकाले सबै कम्पनीले आवश्यक कागजात र विवरण समयमै पूरा गर्नुपर्ने देखिएको छ।

मधेस मन्थन : सद्भावको संकल्प

मधेसलाई विभाजन होइन, भाइचारा

मधेसमा पछिल्लो समय बढ्दै गएको धार्मिक तथा साम्प्रदायिक विद्वेषप्रति चिन्ता व्यक्त गर्दै वीरगन्जका स्थानीय बुद्धिजीवी, नागरिक समाज र शिक्षा क्षेत्रका अगुवाहरूले मधेसको मौलिक पहिचान विभाजन नभई आपसी सद्भाव, सहअस्तित्व र भाइचारा रहेको स्पष्ट पारेका छन्। चाडपर्वका नाममा हुने देखावटी प्रदर्शन, सामाजिक सञ्जालमा फैलिने भ्रामक अफवाह र व्याप्त गरिबी-बेरोजगारीका कारण अविश्वास बढेको औंल्याउँदै उनीहरूले धर्मलाई व्यक्तिगत आस्थामा मात्रै सीमित राखी सामाजिक एकता कायम राख्न, रोजगारीको सिर्जना गर्न र सबै समुदायले संयमता अपनाउनुपर्नेमा जोड दिएका छन्।

क्रान्ति शाह | *वीरगन्ज*

उत्सवलाई आस्थामा मात्रै सीमित राखौं

डा. सुष्मा तिवारी
उपप्राध्यापक, वीरगन्ज

जहाँसम्म मलाई सम्झना छ, आजभन्दा दुई दशकअघिसम्म मधेसमा अहिलेको जस्तो धार्मिक र साम्प्रदायिक द्वन्द्व हुँदैनथ्यो। तर, केही वर्षयता वीरगन्जलगायत मधेसका विभिन्न ठाउँमा बेला-बेलामा हिन्दु र मुस्लिमका नाममा तनावका घटना भइरहेका छन्। धार्मिक द्वन्द्वका नाममा अहिले सामाजिक विखण्डन बढिरहेको छ, जसले मिलेर बसेको हाम्रो समाजमा खलल पुऱ्याइरहेको छ।

नेपालमा लोकतन्त्र छ। संविधानले पनि सबै जातजाति र धर्मलाई समान व्यवहार गरेको छ। वीरगन्जमा पहिले पनि मुस्लिमहरूले आफ्नो पर्व मोहर्रममा 'दाहा' खेल्ने गर्थे। तर, त्यसबेला दाहामा उनीहरूले तरबार, भाला, खुँडाजस्ता हतियार प्रदर्शन गर्दैनथे। अहिले त्यस्ता हतियार बोकेर प्रदर्शन गरिन्छ। त्यसैगरी हिन्दुहरूको हनुमान जयन्ती वा विभिन्न रथयात्रा निकै शान्त र सौहार्दपूर्ण तरिकाले निकालिन्थ्यो। तर, अहिले ठूला-ठूला डिजे बजाउँदै निकालिन्छ।

मैले भन्न खोजेको के हो भने हिन्दु वा मुस्लिम दुवै पक्षका धार्मिक चाडपर्व वा उत्सवमा अर्को पक्षलाई जिस्क्याउने र होच्याउने खालका गतिविधि हुन थालेका छन्। आफ्नो धर्मप्रतिको आस्थाभन्दा पनि अर्को समुदायलाई जिस्क्याउने नियत बढी देखिन्छ। त्यही कारण बेला-बेलामा यस्ता अप्रिय घटना हुने गरेका छन्। धार्मिक चाडपर्व र उत्सवलाई प्रदर्शन र देखावटका रूपमा नभई आफ्नो आस्थामा मात्रै सीमित राखिनुपर्छ। अनि मात्र सामाजिक सद्भाव कायम हुन्छ।

पछिल्ला घटनाले पहाडका जिल्लाहरूमा मधेस र मधेसीबीच नकारात्मक सन्देश गइरहेको छ, जुन देख्दा साह्रै दुःख लाग्छ। अतः मधेसमा सामाजिक सद्भाव कायम राख्न सबैभन्दा पहिले हिन्दु वा मुस्लिम कुनै पनि समुदायले एकअर्कालाई होच्याउने वा जिस्क्याउने नियतका गतिविधि बन्द गर्नुपर्छ। त्यसका लागि दुवै धर्मका अगुवाहरू अगाडि सरेर आआफ्नो समुदायमा सामाजिक सद्भाव र एकताको सन्देश प्रवाह गर्नुपर्छ। मधेसले पनि यही सामाजिक सद्भाव चाहेको छ।

●●●

मधेसलाई विभाजन होइन, भाइचारा चाहिएको छ

तबरेज अहमद
उपप्राध्यापक, मधेस विश्वविद्यालय

मधेस विविध जातजाति र धार्मिक समुदायको बसोबास भएको विविधतायुक्त समाज हो। यहाँका हरेक समुदायको आफ्नो धर्मप्रति प्रगाढ आस्था र रीतिरिवाज छ। तर, मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा भएपछि केही वर्षयता धार्मिक द्वन्द्वहरू देखिन थालेका छन्। यसको भित्री तथ्य केलाएर हेर्दा प्रविधिको पहुँच, भारतका बिहार र युपीजस्ता ठूला राज्यसँग जोडिएको खुला सीमा, त्यहाँ हुने अतिवादी गतिविधि र धार्मिक हिंसाका बाछिटा यहाँ पनि पर्न गएको भान हुन्छ।

मधेसमा बेला-बेलामा भइरहने धार्मिक द्वन्द्वका पछाडि विभिन्न कालखण्डमा आयातित जनसंख्या र धर्मका नाममा खुलेका जातीय संगठनहरू पनि एक कारण रहेको मेरो बुझाइ छ। हुन त अहिले सामाजिक सञ्जालमा देखिएजस्तै यहाँको भाइचारा र आपसी सद्भाव पूरै खलबलिएको त छैन, तर राज्यले बेलैमा ध्यान दिएन भने आगामी दिनमा यसले अझ विकराल रूप नलिएला भन्न सकिन्न।

मधेसमा सदियौंदेखि मिलेर बसेका समुदायहरू छन्। एकअर्काका सामाजिक कार्यमा सहभागिता र सहयोगको भावना रहिआएको छ। यहाँको सामाजिक सद्भाव खलबलिन नदिन दुवै समुदाय अग्रसर देखिन्छन्। यही नै मधेसी समाजको सुन्दर पक्ष हो। मधेसमा मनाइने हिन्दुको छठ, दीपावली, दसैं, होली तथा मुस्लिमको इद, बकरइदलगायतका चाडपर्वमा दुवै समुदायको सहभागिता भेटिन्छ।

मधेसले जात र धर्मका आधारमा विभाजन होइन, आपसी एकता, सम्मान र सहअस्तित्वमा आधारित भाइचारा चाहन्छ। यहाँ बस्ने प्रत्येक नागरिकले समान अवसर, सम्मान र न्यायको अनुभूति गर्न पाउनुपर्छ। विविधता हाम्रो मधेसी समाजको कमजोरी होइन, शक्ति हो भन्ने सोचका साथ सबै समुदायबीच विश्वास, सद्भाव र सहयोगको वातावरण निर्माण हुनु आवश्यक छ। आपसी द्वेष र विभाजनभन्दा माथि उठेर शान्ति, प्रगति र मानवताको मार्गमा अघि बढ्नु नै आजको मधेसको आवश्यकता हो।

●●●

गरिबी र बेरोजगारी हटे सद्भाव आफैं फर्कन्छ



हरि गौतम
अध्यक्ष, वीरगन्ज उद्योग वाणिज्य संघ

मधेस सबै जातजाति र धर्मका समुदाय मिलेर बसेको भूगोल हो। तर, दुर्भाग्यवश, बेला-बेलामा यहाँको सामाजिक सद्भाव खलबलिने गरेको छ। कुनै एक ठाउँमा साम्प्रदायिक तनाव भयो भने त्यो अन्य स्थानमा पनि सर्ने गरेको देखिन्छ। यसको मूल कारण मधेसमा व्याप्त गरिबी र बेरोजगारी नै हो। आर्थिक अवस्था कमजोर हुँदा र मानिसहरू बेरोजगार हुँदा यस्तै खालका विकृतिहरू आउँछन्। अर्को कारण अराजकता पनि हो। माने पनि नमाने पनि सबै क्षेत्रमा अराजकता बढेको छ। कसैले कसैलाई नटेर्ने अवस्था छ, जसको असर सामाजिक सद्भावमा परेको छ।

मधेसमा साम्प्रदायिक दंगाको व्यवस्थापनमा सरकारले उचित ढंग नपुऱ्याउँदा पनि समस्याले ठूलो रूप लिने गरेको छ। कहीँकतै घटना भइहालेमा सरकारले सिधै हतियारधारी सुरक्षाकर्मीलाई अगाडि सार्छ, जसका कारण स्थिति अझ विकराल बन्न पुग्छ। अर्को कारण, यहाँका राजनीतिक दलहरूमा धार्मिक सहिष्णुताप्रति संवेदनशीलता र प्रतिबद्धता नदेखिनु हो। कुनै दंगा वा हिंसा भइहालेमा उनीहरू सरकारमाथि दोष थोपरेर पन्छिने काम गर्छन्।

तर, मधेसले जात वा धर्मका नाममा झगडा वा दंगा गर्न चाहँदैन। न त यहाँका नागरिकमा त्यस्तो कुनै आपसी कटुता नै छ। यहाँका नागरिक आपसी सद्भाव र भाइचारा कायम रहोस् भन्ने चाहन्छन्। सबै मिलेर मधेसलाई समृद्ध बनाउनुपर्छ भन्ने भावना सबैमा छ। यदि यहाँ आर्थिक विकास भयो र प्रशस्त रोजगारीको सिर्जना गर्न सकियो भने मधेसमा स्वतः सद्भाव कायम हुन्छ।

●●●

साम्प्रदायिक द्वन्द्व मधेसको संस्कार होइन

प्रकाश थारू
सामाजिक अभियन्ता

मधेसमा विभिन्न जातजाति र धार्मिक समुदायका मानिस बस्छन्। ती समुदाय सदियौंदेखि आपसी भाइचारा र सद्भावका साथ एकअर्कासँग मिलेर बसेका थिए। यहाँका कतिपय गाउँ वा सहरमा हिन्दुको मन्दिर र मुस्लिमको मस्जिद १० मिटरको दूरीमा मात्रै छन्। यसले के प्रस्ट पार्छ भने, यहाँ वर्षौंदेखि एकअर्काको धर्म वा आस्थाप्रति कुनै इर्ष्या वा कटुता थिएन। तर, केही वर्षयता मधेसमा धर्मका नाममा बेलाबेलामा द्वन्द्व र झगडाका घटना भइरहेका छन्। एकले अर्कालाई देख्नै नसक्ने द्वेष पलाएको देखिन्छ, जुन मधेसको चरित्र र संस्कार होइन।

केही वर्षयता खुला सीमाको फाइदा उठाउँदै नेपालमा अवैध घुसपैठ भइरहेको छ। त्यसरी छिरेर बसोबास गर्दै आएका व्यक्तिहरूको दुरुपयोग गर्दै यहाँका केही सीमित व्यक्तिहरूले हिन्दु र मुस्लिमबीच द्वन्द्व गराएर सामाजिक सद्भाव भाँड्ने हर्कत गरिरहेका छन्।

मधेसमा सदियौंदेखि सबै जातजाति र धर्मका समुदाय मिलेर बसेको समाज हिजो पनि थियो, आज पनि छ र भोलि पनि रहनेछ। म आफ्नै गाउँठाउँको कुरा गर्छु– पहिले पनि मुस्लिमको मोहर्रममा ताजिया निस्किन्थ्यो, तर त्यसमा अहिलेको जस्तो तरबार, भाला र खुँडाजस्ता हतियार प्रदर्शन हुँदैनथे, लाठी मात्र प्रदर्शन गरिन्थ्यो। त्यस्तै पहिले पनि हिन्दुहरूको महावीर जयन्तीमा अहिलेको जस्तो चर्को डिजे बज्दैनथ्यो, धार्मिक झाँकी र जयकारा लगाउँदै श्रद्धालुहरू देखिन्थे।

तर केही वर्षयता एकअर्काको धर्मप्रतिको सम्मानमा कमी आएको देखिन्छ। आपसी भाइचारा र सद्भावबीचको खाडल बढ्दै गएको छ। जबसम्म एकअर्काको धर्म र आस्थाप्रतिको सम्मान कायम हुँदैन, तबसम्म यस्ता साम्प्रदायिक द्वन्द्व भइने रहन्छन्, जुन मधेस र मधेसीले कदापि चाहँदैनन्।

●●●

मधेसी समाज दिगो शान्तिको पक्षमा छ

मनोज राम
दलित अभियन्ता, वीरगन्ज

मधेस विविध धार्मिक, सांस्कृतिक र भाषिक पहिचान बोकेको प्रदेश हो। यहाँ हिन्दु र मुस्लिम समुदाय शताब्दीयौंदेखि आपसी सद्भाव र भाइचाराको सम्बन्ध बनाएर बस्दै आएका छन्। पछिल्ला केही वर्षयता हिन्दु र मुस्लिम समुदायबीच तनाव तथा झडपका घटना भइरहेका भए पनि यस्ता घटनालाई सम्पूर्ण मधेसको संस्कार र चरित्रसँग जोडेर हेर्नु जायज होइन।

समयक्रमसँगै अहिले मधेसका धेरै गाउँमा मुस्लिम धर्मावलम्बीहरूका मस्जिद निर्माण भएका छन्, मदरसाहरू खुलेका छन्। मुस्लिम समुदायबाट निर्वाचित जनप्रतिनिधिको संख्या र राज्यमा उनीहरूको पहुँच पनि बढेको छ। अर्कोतर्फ, हिन्दु समुदायमा पनि पहिलाको तुलनामा धार्मिक पूजापाठलगायतका गतिविधिहरू बढेका छन्। धेरै गाउँ र चोकहरूमा 'जय श्रीराम' लेखिएका बोर्डहरू राखिएका छन्। मेरो बुझाइमा, छिमेकी मुलुकको सत्तामा धार्मिक एजेन्डा बोकेको दल आएपछि यता मधेसमा हिन्दु-मुस्लिमबीचको द्वन्द्व सिर्जना हुन थालेको हो।

तनावका प्रमुख कारणहरूमा धार्मिक जुलुस, त्यसको मार्ग प्रयोग, ध्वनि व्यवस्थापन, धार्मिक स्थल वरपरका गतिविधि तथा साना विवादलाई समयमै समाधान गर्न नसक्नु हुन्। यसैगरी, कहीँकतै विवाद भइहालेमा सामाजिक सञ्जालमार्फत फैलाइने अफवाह, भ्रामक सूचना वा भड्काउ सामग्रीले स्थिति अझ चर्काउने गरेको छ। कतिपय अवस्थामा बाह्य प्रभाव, राजनीतिक स्वार्थ वा कट्टर सोच भएका व्यक्तिहरूले पनि असमझदारी बढाउन चलखेल गर्दै आएका छन्।

मधेसका जनता धर्मका आधारमा विभाजन होइन, शान्तिपूर्ण सहअस्तित्व र आपसी सम्मान चाहन्छन्। बेला-बेलामा देखिने विवादले दैनिक जीवन, व्यापार, शिक्षा, रोजगारी र सामाजिक सम्बन्धमा प्रत्यक्ष असर पार्ने भएकाले यहाँका नागरिक दीर्घकालीन शान्ति र सद्भावको पक्षमा छन्। सामाजिक सञ्जालमार्फत फैलिने अफवाह र भड्काउ प्रचारलाई नियन्त्रण गरिनुपर्छ भन्ने अपेक्षा पनि नागरिकको छ।

●●●

धर्मले विभाजन होइन, मानवता सिकाउनुपर्छ

सलाउद्दिन अहमद
शिक्षक, वीरगन्ज

मेरो विचारमा धर्म मूलतः व्यक्तिगत आस्था, विश्वास र अन्तरात्मासँग सम्बन्धित विषय हो। प्रत्येक व्यक्तिलाई आफ्नो धर्म मान्ने, नमान्ने वा परिवर्तन गर्ने स्वतन्त्रता हुनुपर्छ। त्यसैले धर्मलाई व्यक्तिगत जीवनको सीमाभित्र राख्नु नै उपयुक्त हुन्छ। जब धर्मलाई सामाजिक वा राजनीतिक प्रतिस्पर्धा, विभाजन वा घृणा फैलाउने माध्यम बनाइन्छ, तब यसले समाजमा द्वन्द्व र असहिष्णुता निम्त्याउँछ।

तराई-मधेसका धेरै क्षेत्रमा हिन्दु र मुस्लिम समुदाय वर्षौंदेखि आपसी विश्वास, सम्मान र सहकार्यका साथ बसोबास गर्दै आएका छन्। हाम्रो बाल्यकालका सम्झनाले पनि यही कुरा पुष्टि गर्छन्। हामी एउटै टोलमा हुर्कियौं, सँगै खेल्यौं, सँगै दुःख-सुख बाँड्यौं। धर्म फरक भए पनि हाम्रो सम्बन्धमा कहिल्यै विभेद वा वैमनस्यको भावना थिएन। तर पछिल्लो समय धार्मिक कट्टरता, गलत सूचना र अफवाहका कारण अनावश्यक तनाव सिर्जना हुने प्रवृत्ति देखिन थालेको छ, जुन हाम्रो समाजको मौलिक चरित्रसँग मेल खाँदैन।

हामीले सबैभन्दा पहिले आफूलाई नेपालीका रूपमा चिन्नुपर्छ। धर्म, जाति वा समुदाय पहिचानका महत्त्वपूर्ण पक्ष हुन्, तर राष्ट्रिय एकता र सामाजिक सद्भाव सबैभन्दा माथि हुनुपर्छ। आज सामाजिक सञ्जालबाट भड्काउने सामग्री छिटो फैलिने अवस्था छ। त्यसैले कुनै पनि सूचना विश्वास गर्नुअघि सत्यता जाँच्ने र अफवाह फैलाउनबाट बच्ने दायित्व हामी सबैको हो।

विश्वका विभिन्न मुलुकहरूमा धार्मिक असहिष्णुता र सामाजिक विभाजनका उदाहरणहरू देखिएका छन्, तर हामीले त्यस्ता नकारात्मक प्रवृत्तिलाई आफ्नो समाजमा प्रवेश गर्न दिनु हुँदैन। हामी बस्ने गाउँ, टोल र सहरमा वर्षौंदेखि कायम रहेको सद्भावलाई अझ बलियो बनाउनु आजको आवश्यकता हो। संवाद, सहयोग र पारस्परिक सम्मानको संस्कृतिलाई अघि बढाउँदै सबै समुदाय मिलेर शान्तिपूर्ण र समावेशी समाज निर्माण गर्नुपर्छ, जहाँ धर्मले विभाजन होइन, नैतिकता र मानवताको प्रेरणा देओस्।

कप्तानगन्ज घटनाका थप एक घाइतेको मृत्यु

सुनसरी (अन्नपूर्ण): सुनसरीको देवानगन्ज गाउँपालिका-३ कप्तानगन्जमा भएको साम्प्रदायिक हिंसात्मक घटनामा गम्भीर घाइते भएका रवीन्द्र मेहताको उपचारका क्रममा निधन भएको छ। काठमाडौंको महाराजगन्जस्थित टिचिङ अस्पतालमा उपचाररत मेहताको मंगलबार बिहान निधन भएको देवानगन्ज गाउँपालिकाका अध्यक्ष बेचन मेहतालेजानकारी दिएका छन्।रवीन्द्र मेहताको निधनसँगै कप्तानगन्ज घटनामा ज्यान गुमाउनेको संख्या तीन पुगेको छ। यसअघि सो घटनामा जयप्रकाश मेहता र ओमप्रकाश मेहताको मृत्यु भइसकेको थियो। घटनापछि पीडित परिवार र सरकारबीच गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा सातबुँदे सहमति भएको थियो। सहमतिपछि यसअघि मृत्यु भएका दुई जनाको अन्त्येष्टि गरिएको थियो।

मेहताको मृत्युपछि टिचिङ अस्पतालमा प्रदर्शन

सुनसरीको कप्तानगन्जमा प्रहरीको गोली लागेर घाइते भएका रवीन्द्र मेहताको उपचारका क्रममा मृत्यु भएपछि उनका आफन्त तथा पीडित पक्षहरूले त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल परिसरमा प्रदर्शन गरेका छन्। उनको निधनपछि परिवारका सदस्य र आफन्तले अस्पताल परिसरमा नाराबाजी गर्दै आफ्ना माग पूरा नभएसम्म शव नबुझ्ने अडान लिएका छन्। उनीहरूले गृहमन्त्री सुधन गुरुङ स्वयं अस्पताल आउनुपर्ने र सरकारले आफ्ना माग तत्काल सम्बोधन गर्नुपर्ने लगायतका माग अघि सारेका छन्। माग पूरा नभएसम्म शव नबुझ्ने उनीहरूको भनाइ छ। सरकार र मृतक रवीन्द्र मेहताका परिवारका सदस्यसँग भएको संवाद सकारात्मक भएको गृहमन्त्रीको सचिवालयले जनाएको छ। गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा आज शिक्षण अस्पताल, महाराजगन्जमा भएको छलफलमा सरकारका तर्फबाट मृतकका परिवारले उठाएका माग सम्बोधन गर्न पूर्ण प्रतिबद्धता व्यक्त गरिएको छ।

गृहमन्त्रीले मृतकका आफन्तलाई घटनबशाप्रति दुःख व्यक्त गर्दै आवश्यक सहयोग तथा राहत उपलब्ध गराउन सरकार तयार रहेको आश्वासन दिए।

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
ऋणकर्जा चुक्ता भुक्तान गर्न जारी गरेको ३५ (पैंतिस) दिने सूचना

प्रकाशित मितिः २०८३/०४/२०

यस बैंकको शाखा कार्यालय भक्तपुर बाट तपसिलमा उल्लेखित ऋणीले उपभोग गर्नु भएको ऋणकर्जाको भुक्तानी सम्बन्धी सम्झौताका शर्त अनुसार तिर्न बुझाउन पर्ने साँवा, ब्याज आदि नियमानुसार लाग्ने रकम नतिरी नबुझाई बस्नु भएकोले कर्जा बापत तिर्न बुझाउन पर्ने साँवा तथा ब्याज आदि तिर्ने सम्बन्धमा मौखिक तथा लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत उक्त ऋणकर्जा रकमको सम्पूर्ण साँवा, ब्याज तथा हर्जना रकम चुक्ता भुक्तान नगरी यस बैंकसँग भएको ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लङ्घन गर्नु भएकोले ऋणकर्जा सुविधा बापत बैंकलाई तिर्न बुझाउन पर्ने सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न हुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिन भित्रमा पनि ऋणकर्जा सुविधा बापत तिर्न बुझाउन पर्ने साँवा, ब्याज र सो को हर्जना आदि सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ अन्तर्गत यस बैंकलाई कर्जा सुरक्षण बापत लेखिदिएको चल/अचल सम्पत्ति लिलाम बिक्री वा अन्यकुनै व्यवस्था वा ऋण असुली न्यायधिकरणमा मुद्धा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु अवलम्वन गरी बैंकले आफ्नो लेना रकम असुल गरी लिने र प्रचलित नियम बमोजिम ऋणीहरु तथा जमानीकर्ता हरुलाई कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा समावेश गरिने व्यहोरा समेत यसै सूचना मार्फत् जानकारी गराइन्छ।

तपसिल

ऋणीफर्मको नाम र ठेगाना

प्रदेश सरकार, प्रदेश २, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय, लहान सिरहामा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ बमोजिम मिति २०७५/१/१६ मा दर्ता नं. ८२१०/०७४/०७५ अन्तर्गत दर्ता भई अर्थ मन्त्रालय, आन्तरिक राजस्व विभाग, आन्तरिक राजस्व कार्यालय, लाहानबाट स्थायी लेखा नम्बर (PAN) ६१०८१००३७ प्राप्त गरी मधेश प्रदेश, सिराहा जिल्ला, धनगढिमाई न.पा. वडा नं १३ मा रजिष्ट्रड ठेगाना रहेको श्री **लारुम्वा गिट्टी बालुवा वासिङ उद्योग**।

ऋणी फर्मको प्रोप्राइटर तथा जमानीकर्ताको नाम र ठेगाना

श्री अम्बर बहादुर कटुवाल/श्रीमती अजुद्रा कुमारी कटुवाल को नाति, श्री कुल बहादुर कटुवाल/श्रीमती इन्द्र कुमारी कटुवालको छोरा, श्रीमती रमा कुँवरको पति, कोशी प्रदेश, झापा जिल्ला शरणामती गा.वि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सीकोला बस्ने श्री **भिम बहादुर कटुवाल** (ना.प्र.नं. ८५०६४९६, जारी मिति २०४४/१२/०१, जि.प्र.का. झापा, प्रतिलिपि जारी मिति २०७६/०८/०४, जि.प्र.का. भक्तपुर)

जमानीकर्ताहरुको नाम र ठेगाना

१. श्री कृष्ण सिंह कुँवर/श्रीमती कुन्ती कुँवरकी छोरी, श्री कुल बहादुर कटुवाल/श्रीमती इन्द्र कुमारी कटुवालकी बुहारी, श्री भिम बहादुर कटुवालकी पत्नी, बागमती प्रदेश, ललितपुर जिल्ला, ललितपुर न.पा वडा नं ४ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सीकोला बस्ने श्रीमती **रमा कुँवर** (ना.प्र.नं. ६९९७२, जारी मिति २०५१/१०/१३, जि.प्र.का. ललितपुर)

२. श्री अम्बर बहादुर कटुवाल/श्रीमती अजुद्रा कुमारी कटुवाल को नाति, श्री कुल बहादुर कटुवाल/श्रीमती इन्द्र कुमारी कटुवालको छोरा, श्रीमती करुणा हमालको पति, कोशी प्रदेश, झापा जिल्ला शरणामती गा.वि.स. वडा नं ६ स्थायी ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सीकोला बस्ने श्री **रमेश बहादुर कटुवाल** (ना.प्र.नं. ८५०६४९८, जारी मिति २०४४/११/३०, जि.प्र.का. झापा)

३. श्री अशोक कुमार हमाल/श्रीमती भगवती हमालकी छोरी, श्री कुल बहादुर कटुवाल/श्रीमती इन्द्र कुमारी कटुवालकी बुहारी श्री रमेश बहादुर कटुवालकी पत्नी, कर्णाली प्रदेश, डोल्पा जिल्ला, दुनै गा.वि.स. वडा नं १ स्थायी ठेगाना भई हाल बागमती प्रदेश, काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ३२, पेप्सीकोला बस्ने श्रीमती **करुणा हमाल** (ना.प्र.नं. ४३६/२३४५, जारी मिति २०५३/०४/२९, जि.प्र.का. डोल्पा)

मुख्य कार्यालयः
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल,
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

THE BANKER BANK OF THE YEAR 2024 NEPAL
THE BANKER BANK OF THE YEAR 2025 NEPAL

कुमारी बैंक लिमिटेड केन्द्रिय कार्यालय, टंगाल काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८३/०४/२० गते अन्नपूर्ण पोष्ट दैनिक)

यस कुमारी बैंक लिमिटेडको केन्द्रिय कार्यालय, टंगाल काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचि**मा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सुचित गरीन्छ।**

तपसिल

ऋणीको विवरण

१. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७९/१०/१८ मा दर्ता नं: ३०६२३६/०७९/०८० कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **दिव्यान्शु इन्टरप्राइजेज प्रा.लि.।**
संञ्चालक - **मुकेश कुमार यादव**

२. कम्पनी ऐन, २०६३ (संशोधन सहित) बमोजिम, नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०८०/०३/१५ मा दर्ता नं: ३१४७१३/७९/०८० कायम भई दर्ता रहेको काठमाण्डौ जिल्ला, कागेश्वरी मनोहरा न.पा. वडा नं. ०९ स्थित रजिष्टर्ड कार्यालय रहेको **सिमा फूड इण्डष्ट्रिज प्रा.लि.।**
संञ्चालक - **मुकेश कुमार यादव**

व्यक्तिगत जमानीकर्ताहरूको विवरण

१. **मुकेश कुमार यादव**
ना.प्र.नं.- ४९६२९७२५,
जारी मिति - २०६०/०५/१६, जि.प्र.का. सर्लाही
बाबु - सत्यनारायण यादव
बाजे - हरी राय यादव
पत्नी - सीमा यादव
स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०१ (सार्विक किसनपुर गा.वि.स., वडा नं.०६)
हालको ठेगाना- काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं ०९

२. **आशा कुमारी यादव**
ना.प्र.नं.- १९-०१-७६-१०३४५
जारी मिति - २०७६/०८/२५, जि.प्र.का. सर्लाही)
बाबु - विन्देश्वर राय यादव
बाजे - परमेश्वर यादव
पति - राकेश कुमार यादव
स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०१
हालको ठेगाना- ऐ.ऐ

३. **राकेश कुमार यादव**
ना.प्र.नं.- ४९६२१८३८
जारी मिति - २०६२/०९/२८, जि.प्र.का सर्लाही)
बाबु - सत्य नारायण यादव
बाजे - हरी राय यादव
पत्नी - आशा कुमारी यादव
स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०१ (सार्विक किसनपुर गा.वि.स., वडा नं.०६)
हालको ठेगाना- ऐ.ऐ

४. **समतोलिया देवी राय यादव**
ना.प्र.नं.- १९१७
जारी मिति - २०४६/०३/१९,
जारी गर्ने कार्यालय गृह मन्त्रालय)
बाबु - सत्यदेव राय
बाजे - भगवान दास राय
पति -सत्यनारायण यादव
स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०१ (सार्विक किसनपुर गा.वि.स., वडा नं.०६)
हालको ठेगाना- ऐ.ऐ

५. **सत्यनारायण यादव**
ना.प्र.नं.- १९ ४९६२०७६६,
जारी मिति - २०३६/०९/०६, जि.प्र.का. सर्लाही)
बाबु - हरी राय यादव
बाजे - ध्यानी राय
पत्नी - समतोलिया देवी राय यादव
स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०१ (सार्विक किसनपुर गा.वि.स., वडा नं.०८)
हालको ठेगाना- ऐ.ऐ

६. **सीमा यादव**
ना.प्र.नं.- १९१०/९२७,
जारी मिति - २०६९/०२/३१,
जारी गर्ने कार्यालय गृह मन्त्रालय
बाबु - जय शंकर प्रसाद यादव
बाजे - पल्टु यादव
पति - मुकेश कुमार यादव
स्थायी ठेगाना- सर्लाही जिल्ला, चन्द्रनगर गा.पा., वडा नं. ०१ (सार्विक किसनपुर गा.वि.स., वडा नं.०६)
हालको ठेगाना- ऐ.ऐ

धितो सुरक्षणको विवरण

१. **सत्यनारायण यादव**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बेला गा.वि.स./न.पा. वडा नं. ७ क स्थित कित्ता नं. २०७, १८६ र १८४ क्षे.फ. क्रमशः ०-१०-१$^{१/२}$, ०-२-८$^{१/४}$, ०-४-१६$^{१/२}$, (वि.क.धु) जग्गा/घर र ऐ.ऐ किसनपुर गा.वि.स./न.पा., वडा नं ६ स्थित कित्ता नं. ९ को क्षे.फ. ४३६.८० (व.मी) जग्गा/घर तथा सोको सम्पुर्ण लिगलगापात।

२. **राकेश कुमार यादव**को नाममा मालपोत कार्यालय, सर्लाहीमा दर्ता कायम रहेको सर्लाही जिल्ला, बेला गा.वि.स./न.पा., वडा नं. ८/क स्थित कित्ता नं. २५४, २५५

सम्पादकीय

नोटमा डिजिटल युग

मुद्राको सिर्जना नगर्दासम्म समाजमा वस्तु विनिमयकै चलन थियो। सामान दिएर सामान लिने गर्दाका बोझ मुद्राको आविष्कारले गऱ्यो। सुन र चाँदीका मुद्राको विश्वव्यापी स्वीकार्य भएकैले युरोपदेखि एसियासम्म वा सातवटै महादेशमा व्यापार, कारोबार सम्भव भयो। हाम्रै नेपालमा लिच्छवि राजा मानदेवले पहिलोपटक मुद्रा प्रचलनमा ल्याउनु उनको युगकै एउटा महत्त्वपूर्ण कोसेढुंगा बनेको थियो। लिच्छविकाल स्वर्णयुग हुन सक्नुमा कतै न कतै मुद्राको प्रचलनले पनि योगदान गरेको हुनुपर्छ। त्यसो त तिब्बतका लागि नेपालले मल्लयुगदेखि पृथ्वीनारायण शाहकै पालासम्म मुद्रा पठाउँथ्यो। आज भने हामी कागजका नेपाली मुद्रासमेत विदेशमा छाप्छौं, आफैं छाप्न सक्दैनौं। त्यसका निम्ति अर्बौं रुपैयाँ विदेश पठाउँछौं। जमाना भने धातुबाट कागज हुँदै डिजिटल युगमा प्रवेश गरिसकेको छ। समयको पदचाप पछ्याउँदै अब नेपाल त्यतै सोझिएको छ, जता विश्व। अर्थात् डिजिटल मुद्रा प्रचलनको तयारीमा छ। त्यससम्बन्धी वैधताका लागि नेपाल राष्ट्र बैंक ऐन संशोधन गर्न बनेको विधेयक संसदीय समितिमा छलफलमा छ। जसमा सहमति नजुट्ने सम्भावना हुने देखिन्न।

डिजिटल मुद्रा भनेको अभौतिक हो। जसरी वस्तु विनियमलाई धातुकै मुद्राले हल्का र सजिलो पाऱ्यो। त्यसलाई पनि अझै हल्का कागजले बनायो। अब कागजका नोटको भारीलाई डिजिटल अर्थात् तौल नै नहुने मुद्राले प्रतिस्थापन गर्ने युग आइसक्यो। चीनमा डिजिटल मुद्राको प्रचलन चलिसक्यो। युरोपेली देशहरूसँगै अमेरिका, बेलायत पनि त्यही दिशामा छन्। क्रिप्टो करेन्सी भनिने मुद्रा त हाम्रोमा अवैध भए पनि अन्त चल्तीमै छन्। तर नेपालले प्रचलनमा ल्याउन लागेको डिजिटल मुद्रो क्रिप्टो वा त्यस्तै प्रकृतिको होइन। यो नेपालको केन्द्रीय बैंकले कागजी नोटको सट्टामा जारी गर्ने मुद्रा हो। क्रिप्टोजस्तो मानिसहरूको मनोभावका आधारमा मूल्य घटबढ हुने होइन, केन्द्रीय बैंकले नै निश्चित रूपमा निर्धारण गर्ने मूल्य धारण गर्ने मुद्रा हो।

डिजिटल मुद्राले नेपाली मौद्रिक प्रणालीलाई नयाँ युगमा प्रवेश गराउँछ। केन्द्रीय बैंकले नोट छपाइ, ढुवानी र सुरक्षामा गर्ने वार्षिक २ देखि ३ अर्ब रुपैयाँको खर्च कटौती गर्छ। उल्टै पुराना र भुत्रा नोट धुल्याउनुपर्छ। डिजिटलमा त्यो समस्या रहन्न। डिजिटल नोट भनेको अहिलेको मोबाइल बैंकिङ सेवाजस्तो पनि होइन। बैंकमा रहेको पैसा यताउता गर्ने सेवामात्रै मोबाइल बैंकिङ हो। तर केन्द्रीय बैंकले जारी गर्ने डिजिटल नोट सीबीडीसी कानुनी सुनिश्चितयुक्त मुद्रा हो। जसरी कागजी नोटमा राष्ट्र बैंकले भुक्तानी ग्यारेन्टी गर्छ, डिजिटल नोटमा पनि त्यही सुनिश्चितता हुन्छ। डिजिटल नोट, कागजीभन्दा सुरक्षित हुन्छ भौतिक रूपमा। तर यसको डिजिटल सुरक्षाचाहिँ संवेदनशील हो, त्यो पाटो भने ग्यारेन्टीयुक्त नै हुनुपर्छ। डिजिटल ट्र्याकिङसमेत हुने हुँदा कालोधनको कारोबार रोक्न कामयाबी हुन सकिन्छ। डिजिटल रुपैयाँले नेपाली अर्थतन्त्रलाई विश्वव्यापी भुक्तानी प्रणालीसँग समेत जोड्छ। तर सबै प्रक्रिया पुऱ्याएर अनि सुरक्षा सुनिश्चितता गरेरमात्रै डिजिटल मुद्रा प्रचलनमा ल्याउनुपर्छ। जस्तो चीनले सार्वजनिक यातायात र अन्तर्राष्ट्रिय कार्यक्रममा प्रयोग गर्दै सफल परीक्षण गऱ्यो। भारतले ई-रूपीलाई यूपीआईसँग अन्तरआबद्ध बनाउने रणनीति अपनायो। नाइजेरियाले भने केवल प्रविधि पर्याप्त नहुने पाठ सिकायो। नेपालले तिनै अनुभवबाट सिकेर अघि बढ्नु मनासिब हुन्छ। नोट वा मुद्रा भनेको कागज वा धातु होइन, राज्यमाथिको विश्वास हो। डिजिटल मुद्रा चल्तीका लागि पनि त्यही विश्वास सिर्जना गर्दै अघि बढ्नुपर्छ।

सुरुङ युग : समृद्धिको नयाँ ढोका

सुरुङमार्ग कुनै विलासिताको विषय होइन, यो भूगोलको बाध्यता हो। यो सुरक्षित भविष्यको आवश्यकता र समृद्ध अर्थतन्त्रको बलियो आधार हो।

गोपीकृष्ण ढुंगाना

अग्रमत

पहाडले घेरिएको नेपालमा विकासको मुख्य बाधक कठिन भूगोल हो। तर अब पहाड खोपेर समृद्धिको बाटो खन्न सुरु भएको छ। पहाडी देश भएकाले नेपालमा सुरुङमार्गको आवश्यकता अत्यन्तै उच्च छ। ढिलै भए पनि नेपालले औपचारिक रूपमा आधुनिक सुरुङ युगमा प्रवेश गरिसकेको छ। यो नयाँ युगले देशको पूर्वाधार विकासमा क्रान्ति ल्याउने निश्चित छ। यो युगले विकासको गतिलाई अभूतपूर्व रूपमा बढाउने निश्चित छ। सुरुङमार्गले समय र दूरीमात्र छोट्याउँदैन, बरु अर्थतन्त्रलाई समेत चलायमान बनाउन ठूलो र ऐतिहासिक भूमिका खेल्छ। नागढुंगा-सिस्नेरी सुरुङले नयाँ युगको बलियो ढोका खोलेको छ।

नेपालको पूर्वाधार विकासमा यसले ऐतिहासिक माइलस्टोन खडा गरेको छ। यो केवल एउटा बाटो होइन, समृद्धिको बलियो आधार हो। अर्थतन्त्रको रक्तसञ्चार भनेकै सुचारु र सुरक्षित यातायात सञ्जाल हो। जबसम्म देशको कुनाकाप्चामा सहज पहुँच पुग्दैन, विकास सम्भव हुँदैन। बलियो उदाहरण छिमेकी देश चीनका कुनाकाप्चाको विकास छ, मूलत: सडक सञ्जाल र सुरुङमार्ग। नेपालले लामो समयसम्म भिरपहरा फोडेर साँघुरा र जोखिमपूर्ण सडक बनायो। त्यस्ता जोखिमपूर्ण सडकमा हरेक वर्ष सयौं नागरिकले ज्यान गुमाए, गुमाइरहेछन्। पहिरोले महिनौं सडक बन्द हुँदा अर्थतन्त्रले अर्बौंको घाटा बेहोर्छ। यस्तो समस्याको एक मात्र दिगो विकल्प भनेको सुरुङमार्ग नै हो।

जाइकाको तथ्यांकअनुसार नागढुंगा सुरुङ २.६८ किलोमिटर लामो छ। जापानी अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका)को ऋणमा यो बनेको हो। जसको कुल लागत करिब २२ अर्ब रुपैयाँ छ। यसले काठमाडौं उपत्यकालाई देशका मध्य र पश्चिमी भागसँग सहज रूपमा जोडेको छ। दैनिक हजारौं सवारीसाधनले अब लामो जाम र उकालोको सास्ती भोग्नु पर्दैन। दुर्घटनाको जोखिम पनि आधा हुनेछ। यसले वार्षिक अर्बौं रुपैयाँबराबरको पेट्रोलियम पदार्थ आयात घटाउनेछ। उता, सिद्धार्थ राजमार्गको सिद्धबाबा खण्ड मृत्युमार्गको रूपमा कुख्यात छ। माथिबाट खस्ने ढुंगा र पहिरोले त्यहाँ बर्सेनि धेरैको ज्यान लिइसकेको छ। त्यसैले १.१२ किलोमिटर लामो सिद्धबाबा सुरुङ निर्माण सुरु गरिएको छ। स्विस च्यालेन्ज विधिबाट अघि बढाइएको यो आयोजना निकै महत्त्वपूर्ण छ। सरकारी तथ्यांकअनुसार यसको लागत ७.३४ अर्ब रुपैयाँ छ। यसले बुटवल र पोखराबीचको पर्यटकीय तथा व्यापारिक यात्रा सहज र सुरक्षित गर्नेछ।

नेपालका लागि सुरुङमार्ग बिल्कुलै नयाँ प्रविधि भने होइन। इतिहासविद्का अनुसार सन् १९१७ मै हेटौंडाको चुरियामाईमा सुरुङ बनेको थियो। तत्कालीन इन्जिनियर डिल्लीजंग थापाले यो ५०० मिटर लामो सुरुङ बनाएको पाइन्छ। जुन दक्षिण एसियाकै पहिलो मानव निर्मित सडक सुरुङ मानिन्छ। त्यसबेला मकवानपुर र वीरगन्जबीच मालसामान ढुवानी गर्न यो प्रयोग हुन्थ्यो। तर, विडम्बना त्यसपछिका दशकमा यो प्रविधिलाई पूरै बेवास्ता गरियो। त्यही बेलादेखि सुरुङ निर्माणलाई निरन्तरता दिएको भए आज नेपाल कहाँ पुग्थ्यो होला? पक्कै पनि विश्वका विकसित देशहरूसँग दाँजिने थियो। सुरुङसँगै उच्च गुणस्तरको सडक सञ्जाल देशैभरि विस्तार भइसक्थ्यो। त्यतिमात्र होइन, वातावरणमैत्री सडकमा नेपाली निर्धक्क गुड्न पाउँथे। किनकि विश्वका लगानीकर्ताहरूले नेपालको पूर्वाधार विकासमा निसंकोच ठूलो लगानी गर्ने थिए। विश्वव्यापी अभ्यास हेर्दा पूर्वाधारमा लगानी गर्ने देश नै धनी छन्। हामीले त्यो ऐतिहासिक अवसरलाई चिनेर पनि सही सदुपयोग गर्न सकेनौं। अब भने चुक्नु हुँदैन।

नेपालको कुल भूभागको करिब ८३ प्रतिशत हिस्सा पहाड र हिमाल हो। यस्तो कठिन भूगोलमा लामो र घुमाउरो सडक बनाउनु महँगो पर्छ। यस्तो सडकमा पहिरो जाने र दुर्घटना हुने जोखिम उच्च हुन्छ। एकातिर पेट्रोलियम पदार्थको खपत अत्यधिक हुन्छ भने अर्कोतर्फ सवारीसाधनको आयु चाँडै सकिन्छ र तिनको मर्मतमा पनि लगानी बढी हुन्छ। यात्रुले पाउने सास्ती छ छँदैछ। त्यसैले नेपालजस्तो पहाडी देशमा सुरुङको आवश्यकता अत्यन्तै धेरै छ। सुरुङले यात्रा सहज अनि सुरक्षित बनाउँछ र मर्मत खर्च पनि उल्लेख्य घटाउँछ। अबका दिनमा सरकारको पहिलो प्राथमिकता आधुनिक सुरुङमार्ग नै हुनुपर्छ।

विश्वका विकसित देशले सुरुङ निर्माणमा चामत्कारिक प्रगति गरेका छन्। १० देशको अभ्यासले सुरुङको महत्त्व थप स्पष्ट हुन्छ :-

१. **स्विट्जरल्यान्ड** : यो नेपालजस्तै भूपरिवेष्ठित र पहाडी देश हो। यसले सुरुङलाई आफ्नो राष्ट्रिय गौरव र समृद्धिको आधार मानेको छ। स्विस सरकारको तथ्यांकअनुसार, 'गोथार्ड बेस सुरुङ' ५७ किलोमिटर लामो छ। पहाड छेड्ने स्विस प्रविधि र लगानी मोडेल नेपाललाई निकै अनुकूल छ।

२. **जापान** : जापान सधैं भूकम्प र विपद्को उच्च जोखिममा छ। जापानले ५३.८ किलोमिटर लामो 'सेइकन सुरुङ' बनाएर विश्वलाई चकित पारिसकेको छ। जस्तोसुकै विपद्मा पनि नभत्किने सुरुङ बनाउनु जापानको मुख्य नीति हो। नेपालले जापानबाट विपद् प्रतिरोधी र सुरक्षित इन्जिनियरिङ कला सिक्न सक्छ।

३. **चीन** : चीनले छोटो समयमै पूर्वाधार निर्माणमा विश्वलाई उछिनेको छ। चिनियाँ सञ्चारमाध्यमका अनुसार 'झोङ्नानसान सुरुङ' १८ किलोमिटर लामो छ। द्रुत निर्माण र ठूला पूर्वाधारमा लगानी चीनको सफल नीति हो।

४. **नर्वे** : नर्वेले चट्टानी पहाड र समुन्द्रमुनि अचम्मका सुरुङ बनाएको छ। नर्वेको २४.५ किलोमिटर लामो 'लायरडाल सुरुङ' विश्वकै लामो सडक सुरुङ थियो कुनैबेला। नर्वेले निकै कम लागतमा अत्यन्तै बलियो सुरुङ बनाउने प्रविधि विकास गरेको छ। नर्वेको यो लागत-प्रभावी प्रविधि नेपालको कमजोर अर्थतन्त्रका लागि निकै उपयोगी छ।

५. **अस्ट्रिया** : सुरुङ निर्माण प्रविधिमा अस्ट्रियाको प्राविधिक योगदान विश्वव्यापी छ। यसले 'न्यु अस्ट्रियन टनेलिङ मेथड' (एनएटीएम) प्रविधि विकास गरेको छ। यो प्रविधि अहिले विश्वभरि नै सबैभन्दा धेरै प्रयोग हुन्छ। नेपालका नागढुंगा र सिद्धबाबा सुरुङमा पनि यही भरपर्दो प्रविधि प्रयोग भइरहेको छ।

६. **दक्षिण कोरिया** : कोरियाले पहाडी भूगोलमा उत्कृष्ट सडक सञ्जाल बनाएको छ। ११ किलोमिटरको 'इन्जे-याङ्याङ सुरुङ' बनाएर कोरियाले यात्राको दूरी छोट्याएको छ। सुरुङ निर्माणमा कोरियाले वातावरणीय सन्तुलनलाई अत्यन्तै धेरै ध्यान दिने गर्छ।

७. **भारत** : भारतले हिमालय क्षेत्रमा आक्रामक रूपमा सुरुङ बनाउँदैछ। ९.०२ किलोमिटर लामो 'अटल सुरुङ' उच्च पहाडी भेगको सफल उदाहरण हो। यसले कठिन हिमाली मौसममा पनि बाह्रैमहिना सुरक्षित यातायात सुचारु गर्छ।

८ र ९. **इटाली र फ्रान्स** : यी दुई प्रमुख युरोपेली राष्ट्र हुन्। दुवै मिलेर ११.६ किलोमिटरको 'मोन्ट ब्लांक सुरुङ' बनाएका छन्। आल्प्स पर्वतमुनि बनेको यो सुरुङले दुई देशको व्यापार उल्लेख्य मात्रामा बढाएको छ।

१०. **अमेरिका** : अमेरिकाले सुरुङ निर्माण गर्दा सुरक्षालाई सर्वोच्च प्राथमिकता दिन्छ। कोलोराडोमा रहेको 'आइसेनहावर सुरुङ' उच्च इन्जिनियरिङको महत्त्वपूर्ण र सफल उदाहरण हो। भारी हिमपात हुने क्षेत्रमा पनि यसले बाह्रैमास सुरक्षित यात्रा सुनिश्चित गरेको छ।

यी १० देशको अभ्यासले नेपाललाई अत्यन्तै स्पष्ट सन्देश दिएको छ। त्यो हो- पहाडलाई विकासको बाधक होइन, सदुपयोगको अवसर मान्नुपर्छ। नेपालले परम्परागत सडक निर्माणको सोचलाई अब पूर्ण रूपमा त्याग्नुपर्छ। छोटो, सुरक्षित र वातावरणमैत्री जुन आधुनिक प्रविधि अपनाएर कम लागतमा निर्माण गर्ने हुनुपर्छ। सुरुङ निर्माण होस् वा वातावरणमैत्री सडक, सुरुमा धेरै लगानी लाग्छ, यो एकदमै सत्य हो। तर दीर्घकालीन रूपमा यसले दिने प्रतिफल लगानीभन्दा कयौं गुणा बढी हुन्छ। सुरुङले पहिरोको जोखिम शून्यमा झार्ने हुनाले सडक मर्मतको ठूलो खर्च पूर्णत: जोगिन्छ। यस्ता दर्जनौं फाइदा हुनेछन्। नेपालको दिगो विकासका लागि यातायात पूर्वाधारमा यस्तो क्रान्ति ल्याउनु अपरिहार्य छ। सडक यातायातमा हुने ढिलासुस्तीले हाम्रो उत्पादन लागत विश्वबजारमा महँगो भएको छ। जबसम्म ढुवानी सस्तो हुँदैन, तबसम्म हाम्रा उद्योगहरू फस्टाउन सक्दैनन्।

पर्यटन विकासमा पनि सुरुङमार्गले कायापलट ल्याउने विशाल क्षमता राख्छ। विदेशी पर्यटकहरू सधैं सुरक्षित र छिटो यात्रा गर्न चाहन्छन्। नेपालको जोखिमपूर्ण सडक देखेर धेरै पर्यटक सडक यात्रा गर्न डराउँछन्। सुरुङमार्ग बनेपछि विदेशी र स्वदेशी पर्यटकको संख्या ह्वात्तै बढ्नेछ। काठमाडौंबाट पोखरा दुई घण्टामै पुग्दा पर्यटन उद्योगमा ठूलो आर्थिक क्रान्ति आउनेछ। सुरुङमार्ग केवल सडकमात्र होइन, यो जीवन बचाउने सेतु पनि हो। बिरामी पर्दा दुर्गमका नागरिकले समयमै अस्पताल पुगेर सहजै जीवनदान पाउनेछन्। प्रविधिको कुरा गर्दा नेपाल अहिले विदेशी ठेकेदारको मात्र भर पर्नु परेको छ। भविष्यमा नेपालले आफैं सुरुङ खन्न सक्ने उपकरण र जनशक्ति तयार गर्नुपर्छ। विश्वविद्यालयहरूले सुरुङ इन्जिनियरिङमा विशेष अध्ययन र अनुसन्धान तत्काल सुरु गर्नुपर्छ। सुरुङमार्ग निर्माणलाई नेपालले राष्ट्रिय गौरवको प्रमुख एजेन्डा बनाउनैपर्छ। यसका लागि छुट्टै र शक्तिशाली 'सुरुङमार्ग विकास प्राधिकरण' गठन गर्नु सकिन्छ। 'पब्लिक-प्राइभेट पार्टनरसिप' मोडललाई सुरुङ निर्माणको प्रमुख आर्थिक आधार बनाउनुपर्छ। अन्तर्राष्ट्रियस्तरका यस्ता पूर्वाधारले देशको समग्र छविमै ठूलो र सकारात्मक परिवर्तन ल्याउँछन्। विदेशी दातृ निकायहरूले पनि नेपालको यो पहललाई सकारात्मक रूपमा लिनेछन्। अझ यी आयोजना पारदर्शी रूपमा समयमै सकिए थप विदेशी अनुदान सहजै आउनेछ। प्राविधिक अङ्चनहरूमा विदेशी विज्ञको सहयोग लिनुपर्छ।

अन्त्यमा, सुरुङमार्ग कुनै विलासिताको विषय होइन, यो भूगोलको बाध्यता हो। यो सुरक्षित भविष्यको आवश्यकता र समृद्ध अर्थतन्त्रको बलियो आधार हो। पहाडको छाती चिरे पनि वातावरण जोगाउँदै सुरुङ नबनाएसम्म नेपालको विकासले गति लिन सक्दैन। नागढुंगा र सिद्धबाबा सुरुङले नेपालको उज्यालो भविष्यको बलियो ढोका ढकढक्याएका छन्। चुरियामाई सुरुङ निर्माणपछिको सय वर्ष यत्तिकै खेर फाल्यौं, जुन दुर्भाग्यपूर्ण थियो। अबको दशक मुख्य राजमार्गहरूलाई सुरुङ युगमा प्रवेश गराउनैपर्छ। कम्तीमा प्रस्तुत १० देशका सफल अभ्यास हेरेर प्राविधिक क्षमता बढाउँदै त्यही गति र लयमा सुरुङ युगमा दौडनुपर्छ। बलियो राजनीतिक इच्छाशक्ति र स्पष्ट नीति हुने हो भने यो असम्भव छैन। लगानी स्वत: जुट्ने छ। सुरुङ प्रविधिको सफल प्रयोगले नै नेपाललाई विकसित देशको सूचीमा उभ्याउनेछ।

ढुंगाना विकास र वातावरणमा विद्यावारिधि गर्दैछन्।

कम्तीमा १० उत्कृष्ट देशका सफल अभ्यास हेरेर प्राविधिक क्षमता बढाउँदै त्यही गति र लयमा सुरुङ युगमा दौडनुपर्छ। बलियो राजनीतिक इच्छाशक्ति र स्पष्ट नीति हुने हो भने यो असम्भव छैन। लगानी स्वतः जुट्ने छ। सुरुङ प्रविधिको सफल प्रयोगले नै नेपाललाई विकसित देशको सूचीमा उभ्याउनेछ।

समयको कसीमा कांग्रेस नेतृत्व

सरस्वती तिमल्सिना

वेदमा एउटा अमर मन्त्र छ, 'चरैवेति, चरैवेति'। यसको अर्थ केवल हिँडिरहनू भन्ने आग्रह होइन, यो जीवन, समाज र सभ्यताको दर्शन हो। यसको अर्थ हो– नरोकिनू, निरन्तर अघि बढिरहनू, सिकिरहनू, परिवर्तनलाई आत्मसात् गरिरहनू। राजनीति पनि यही दर्शनबाट जीवित रहन्छ। जो समयसँगै बदलिन्छ, उसैले भविष्यको नेतृत्वको जिम्मेवारी ग्रहण गर्छ। राजनीतिक इतिहासका निर्णायक क्षणहरू केवल घटनाले निर्माण गर्दैनन्, ती समयको सही पहिचान गर्ने नेतृत्वले निर्माण गर्छन्। समयले हरेक पुस्तालाई एउटा अवसर दिन्छ– या त परिवर्तनको नेतृत्व गर या परिवर्तनको दर्शक बन।

नेपाली राजनीतिमा समय-समयमा यस्ता मोडहरू आउँछन्, जहाँ निर्णयभन्दा पनि निर्णय गर्ने समयको महत्त्व बढी हुन्छ। राजनीति केवल सिद्धान्तको अभ्यास होइन; यो समयको गति बुझ्ने कला पनि हो। समयको घोडा एकपटक दौडिन थालेपछि त्यसलाई रोक्न खोज्नेहरू इतिहासका दर्शक त बन्छन्, तर इतिहासका निर्माता बन्न सक्दैनन्। नेपाली कांग्रेसभित्र देखिएको बहस पनि यही सन्दर्भमा बुझ्नुपर्ने विषय हो। विधानले व्यवस्था गरेको विशेष महाधिवेशनको अभ्यास, विधानको व्याख्या, नेतृत्व परिवर्तनको प्रश्न र संगठनात्मक बहस लोकतान्त्रिक पार्टीका स्वाभाविक अभ्यास हुन्। तर ती सबै बहस पार्टीको विधान, संस्थागत प्रक्रियाको सम्मान र यथार्थ राजनीतिक आवश्यकताभित्र सीमित हुनुपर्छ। जब मागहरू विधानको स्पष्ट मर्मभन्दा बाहिर गएर केवल शक्ति परीक्षण वा राजनीतिक दबाब सिर्जना गर्ने माध्यम बन्छन्, त्यतिबेला त्यसले समाधानभन्दा अन्योल बढी जन्माउँछ।

राजनीतिमा एउटा नेपाली उखान छ, 'हलो अड्काएर गोरु कुट्नु।' खेत जोत्नुपर्ने समयमा हलो नै अड्काइयो भने गोरुलाई कुटेर उत्पादन बढ्दैन। त्यस्तै, संगठन अघि बढ्नुपर्ने बेला प्रक्रियालाई अवरुद्ध गरेर पार्टी बलियो हुँदैन। त्यसले केवल कार्यकर्ता अन्योलमा पर्छन्, जनतामा नकारात्मक सन्देश जान्छ, र राजनीतिक ऊर्जा आन्तरिक विवादमै खर्च हुन्छ। अन्ततः यसको मूल्य पार्टीले मात्र होइन, लोकतन्त्रले पनि चुकाउनुपर्छ। लोकतान्त्रिक दलमा फरक मतको सम्मान हुनुपर्छ। इतर समूहको अस्तित्व पनि लोकतन्त्रको स्वस्थ पक्ष हो। तर फरक मत र फरक उद्देश्य एउटै कुरा होइनन्। फरक मतले संस्थालाई बलियो बनाउँछ; संस्थागत प्रक्रियालाई कमजोर बनाउने प्रयासले भने संगठनको आधार नै कमजोर बनाउन सक्छ।

त्यसैले असहमति आवश्यक छ, तर असहमतिको पनि विधि र मर्यादा हुन्छ। प्रतिस्पर्धा आवश्यक छ, तर प्रतिस्पर्धा संस्थाभित्र हुनुपर्छ। आलोचना आवश्यक छ, तर आलोचना समाधानमुखी हुनुपर्छ। महत्त्वाकांक्षा स्वाभाविक हो, तर त्यो संगठनको हितभन्दा माथि हुन सक्दैन। संगठनको एकता, विधिको सम्मान, कार्यकर्ताको मनोबल, युवाको विश्वास र जनताको आशालाई केन्द्रमा राखेर अघि बढ्ने साहस देखाउनुपर्छ। प्रतिस्पर्धा आवश्यक छ, तर प्रतिस्पर्धा संस्थाभित्र हुनुपर्छ। आलोचना आवश्यक छ, तर आलोचना समाधानमुखी हुनुपर्छ। महत्त्वाकांक्षा स्वाभाविक हो, तर त्यो संगठनको हितभन्दा माथि हुन सक्दैन।

आज नेपाली कांग्रेसमाथि केवल आफ्ना कार्यकर्ताको होइन, समग्र लोकतान्त्रिक समाजको अपेक्षा छ। देश आर्थिक पुनरुत्थान, रोजगारी, शिक्षा, स्वास्थ्य, सुशासन, संघीयताको प्रभावकारी कार्यान्वयन र युवामा बढ्दो निराशाजस्ता चुनौतीसँग जुधिरहेको छ। यस्तो समयमा जनताले पार्टीभित्रको अन्तहीन शक्ति संघर्ष होइन, स्पष्ट दिशा, स्थिर नेतृत्व र परिणाममुखी राजनीति खोजिरहेका छन्। यस्तो बेला पार्टीभित्रको सम्पूर्ण ऊर्जा प्रक्रियागत अवरोधमा खर्च गर्नु जनअपेक्षासँग मेल खाँदैन। नेतृत्वको मूल्यांकन आन्तरिक निर्वाचन, कार्यसम्पादन र संस्थागत प्रक्रियाबाट हुन्छ। लोकतन्त्रमा नेतृत्वको परीक्षण सडकको नाराले होइन, संस्थाले गर्छ। त्यसैले विधानले तोकेको बाटो छोडेर समानान्तर बाटो बनाउन खोज्नु संगठनात्मक स्थायित्वका लागि लाभदायक हुँदैन।

इतिहासले परिवर्तनलाई कहिल्यै पर्खेर बसेको छैन। बीपी कोइरालादेखि गणेशमान सिंहसम्मका नेताहरूले समयको आवश्यकता बुझेर प्रजातान्त्रिक विचारलाई आत्मसात् गर्ने निर्णय लिए। उनीहरूले परिवर्तनको लागि कसैको डर मानेनन् र आन्दोलनको नेतृत्व गरे। हरेक पुस्ताले आफ्नै जिम्मेवारी बोक्नुपर्छ। नयाँ समयले नयाँ सोच, नयाँ ऊर्जा र नयाँ कार्यशैली माग्छ। पुस्तान्तरण कसैको विरुद्धको अभियान होइन; यो समयको स्वाभाविक यात्रा हो।, चरैवेति। यसको अर्थ हो– हिँडिरहू, अघि बढिरहू। यो केवल यात्राको सन्देश होइन; परिवर्तनलाई स्वीकार गर्ने चेतना हो। राजनीतिक संगठन पनि निरन्तर गतिमै जीवित रहन्छ। जो समयसँगै अघि बढ्छ, उसैले भविष्य निर्माण गर्छ। जो समय रोक्न खोज्छ, समयले उसैलाई पछि छोड्छ।

नेपाली कांग्रेस आज एउटा नयाँ मोडमा उभिएको छ। यो मोडमा कसैले समयको घोडाको लगाम समातेर अगाडि बढ्ने साहस देखाउनुपर्छ, कसैले त्यसको रफ्तार रोक्ने प्रयास गर्नु हुँदैन। लोकतन्त्रमा प्रतिस्पर्धा आवश्यक छ, तर प्रतिस्पर्धा प्रक्रियाभित्र हुनुपर्छ। संस्थाभन्दा माथि कुनै व्यक्ति वा समूह हुन सक्दैन। अन्ततः राजनीति गन्तव्यभन्दा पनि यात्राको निरन्तरता हो। समय कसैका लागि रोकिन्न। त्यसैले आजको सबैभन्दा ठूलो राजनीतिक सन्देश एउटै हुन सक्छ, हलो अड्काएर गोरु कुट्ने होइन, खेत जोत्नुपर्छ। समयको घोडा रोक्ने होइन, त्यससँगै दौडिनुपर्छ। र, त्यसैको सार हो– चरैवेति गगन, चरैवेति।

समृद्धिको सुनौलो सारथि

रामप्रसाद पौडेल

नेपालमा बेरोजगारी, दक्ष जनशक्तिको अभाव र वैदेशिक रोजगारीप्रतिको निर्भरतजस्ता समस्याबीच प्राविधिक तथा व्यावसायिक शिक्षा राष्ट्रिय विकासको महत्त्वपूर्ण आधारका रूपमा स्थापित हुँदै गएको छ। कुनै समय 'कमजोर विद्यार्थीको रोजाइ' भनेर हेर्ने गरिएको प्राविधिक शिक्षा आज दक्षता, उत्पादन, उद्यमशीलता र आर्थिक समृद्धिको प्रमुख माध्यमका रूपमा स्वीकारिएको छ।

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई शिक्षाको अधिकार सुनिश्चित गर्दै रोजगारीमुखी शिक्षालाई राज्यको दायित्व मानेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि माध्यमिक तहदेखि नै प्राविधिक तथा व्यावसायिक शिक्षाको विस्तार गर्ने लक्ष्य राखेको छ। पन्ध्रौं र सोह्रौं योजनाले पनि उत्पादनशील अर्थतन्त्र निर्माणका लागि दक्ष जनशक्ति विकासलाई प्राथमिकतामा राखेका छन्। यसले प्राविधिक शिक्षा केवल शैक्षिक कार्यक्रम मात्र नभई राष्ट्रिय विकास रणनीतिको अभिन्न अंग भएको स्पष्ट पार्छ। नेपालमा प्राविधिक शिक्षाको संस्थागत विकासमा सीटीईभीटीको भूमिका महत्त्वपूर्ण छ। देशभर फैलिएका आंगिक, साझेदारी र निजी शिक्षालयमार्फत स्वास्थ्य, कृषि, इन्जिनियरिङ, सूचना प्रविधि, होटल व्यवस्थापन, पर्यटन, पशु विज्ञान, निर्माण तथा अन्य दर्जनौं क्षेत्रमा दक्ष जनशक्ति उत्पादन भइरहेछ। हजारौं युवाले डिप्लोमा, प्रि-डिप्लोमा र सीपमूलक तालिम पूरा गर्दै श्रमबजारमा प्रवेश गरिरहेका छन्।

विश्व श्रम संगठनले प्रकाशित गरेका विभिन्न प्रतिवेदनमा दक्ष जनशक्तिमा गरिएको लगानीले उत्पादकत्व, आय र रोजगारी बढाउने उल्लेख छ। विश्व आर्थिक मञ्चले पनि आगामी दशकमा डिजिटल सीप, कृत्रिम बुद्धिमत्ता, डाटा विश्लेषण, स्वास्थ्य सेवा, हरित ऊर्जा र प्राविधिक दक्षतामा आधारित रोजगारी तीव्र रूपमा बढ्ने प्रक्षेपण गरेको छ। यसले नेपालको प्राविधिक शिक्षा प्रणालीलाई पनि भविष्यका सीपसँग जोड्नुपर्ने टड्कारो आवश्यकता औंल्याउँछ।

नेपालको ठूलो श्रमशक्ति वैदेशिक रोजगारीमा छ। तर, अधिकांश युवा सामान्य श्रमिकका रूपमा जाने भएकाले अपेक्षित आम्दानी प्राप्त गर्न सकेका छैनन्। यदि उनीहरू अन्तर्राष्ट्रिय मापदण्डअनुसार प्रशिक्षित प्राविधिक जनशक्ति बनेर जान सके उच्च पारिश्रमिक, सुरक्षित रोजगारी र करिअर विकासका अवसर उल्लेखनीय रूपमा बढ्न सक्छन्।

देशभित्र पनि स्वास्थ्य, निर्माण, कृषि, ऊर्जा, सूचना प्रविधि तथा पर्यटन क्षेत्रमा दक्ष जनशक्तिको माग निरन्तर बढिरहेको छ। अस्पतालहरूलाई दक्ष स्वास्थ्यकर्मी, उद्योगलाई मेकानिकल र विद्युतीय प्राविधिक, कृषि क्षेत्रलाई आधुनिक कृषि प्राविधिक तथा सूचना प्रविधि क्षेत्रलाई दक्ष आईटी जनशक्ति आवश्यक छ। उपलब्धिसँगै चुनौतीहरू पनि गम्भीर छन्। धेरै शिक्षालयमा आधुनिक प्रयोगशाला, उद्योगस्तरीय उपकरण र दक्ष प्रशिक्षकको अभाव छ। कतिपय पाठ्यक्रम समयअनुकूल अद्यावधिक हुन सकेका छैनन् भने उद्योग र शिक्षालयबीचको सहकार्य अझै कमजोर छ। अध्ययन पूरा गरेका विद्यार्थीले कार्यस्थलमा पुगेर पुन: आधारभूत सीप सिक्नुपर्ने अवस्था देखिनु गुणस्तर सुधारको आवश्यकताको संकेत हो।

सामाजिक मनोविज्ञान अर्को चुनौती हो। मूलधारको शिक्षालाई प्रतिष्ठित र प्राविधिक शिक्षालाई दोस्रो विकल्पका रूपमा हेरिन्छ। तर, विकसित राष्ट्रहरूको अनुभवले आर्थिक समृद्धिको आधार विश्वविद्यालयका प्रमाणपत्रमात्र होइन, दक्ष प्राविधिक जनशक्ति पनि हो भन्ने प्रमाणित गरिसकेको छ। नेपालले पनि सिक्न आवश्यक छ। भविष्यको प्राविधिक शिक्षा केवल परम्परागत सीपमा सीमित रहन सक्दैन। कृत्रिम बुद्धिमत्ता, रोबोटिक्स, साइबर सुरक्षा, नवीकरणीय ऊर्जा, डिजिटल स्वास्थ्य, ड्रोन प्रविधि, स्वचालन तथा हरित प्रविधिजस्ता नयाँ क्षेत्रलाई पाठ्यक्रममा समेट्नुपर्छ। अनुसन्धान, नवप्रवर्तन र उद्यमशीलतालाई शिक्षाको अभिन्न भाग बनाउन सकियो भने विद्यार्थी रोजगारी खोज्ने मात्र होइन, नयाँ रोजगारी सिर्जना गर्ने हैसियतमा पनि पुग्नेछन्।

अब नेपालको प्राविधिक शिक्षाको गन्तव्य स्पष्ट हुनुपर्छ- गुणस्तरीय सीप, उद्योगसँग प्रत्यक्ष सहकार्य, अन्तर्राष्ट्रिय मापदण्डअनुसारको प्रशिक्षण, अनुसन्धानमा आधारित नवप्रवर्तन, डिजिटल प्रविधिको समावेश र सम्मानजनक रोजगारी। यसका लागि सरकार, निजी क्षेत्र, उद्योग, स्थानीय तह, शि

राष्ट्रिय अनुसन्धान विभाग प्रधानमन्त्री कार्यालय मातहत नै : कानुनमन्त्री

काठमाडौं (अन्नपूर्ण): कानुन, न्याय तथा संसदीय मामिला मन्त्री सोबिता गौतमले राष्ट्रिय अनुसन्धान विभाग (राअवि) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत रहँदा राज्यको समग्र सुरक्षा, राष्ट्रिय हित र शक्ति सन्तुलनका दृष्टिले उपयुक्त हुने धारणा व्यक्त गरेकी छन्।

'नेपाल विशेष सेवा ऐन, २०४२ को साबिकको व्यवस्था जगाउनेसम्बन्धी विधेयक, २०८३' माथि राज्य व्यवस्था समितिको छलफलमा उठेका प्रश्नहरूको जवाफ दिँदै उनले यो विधेयक कुनै नयाँ संरचना निर्माण गर्ने नभई कानुनी रिक्तता हटाएर साबिकको व्यवस्था पुनः कायम गर्ने उद्देश्यले ल्याइएको बताएकी हुन्। मन्त्री गौतमले नेपाल विशेष सेवा ऐन, २०४२ अनुसार राष्ट्रिय अनुसन्धान विभाग गृह मन्त्रालयअन्तर्गत रहेको स्मरण गराउँदै २०७५ सालमा केही नेपाल ऐन संशोधनमार्फत उक्त विभागलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत ल्याइएको बताइन्।

त्यसपछि २०८२ असोज ९ गते कार्यविभाजन नियमावली संशोधन गरी विभागलाई पुनः गृह मन्त्रालयअन्तर्गत राख्ने व्यवस्था अध्यादेशमार्फत स्वीकृत भए पनि त्यसको प्रतिस्थापन विधेयक नआएको उनले जानकारी दिइन्।

त्यसपछि २०८३ वैशाख ३० गते कार्यविभाजन नियमावली फेरि संशोधन गरी विभागलाई पुनः प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गत राखिएको उल्लेख गर्दै उनले सो परिवर्तनका कारण ऐनको एउटा दफा रिक्त हुन पुगेकाले त्यसलाई पुनः कायम गर्न वर्तमान विधेयक ल्याइएको बताइन्।

मन्त्री गौतमले राष्ट्रिय अनुसन्धान विभाग कहाँ रहने भन्ने बहसभन्दा पनि त्यसलाई कसरी अझ सक्षम र प्रभावकारी बनाउने भन्ने विषयमा सबैको चासो रहेको बताइन्।

सरकारले पनि यस विषयलाई गम्भीर रूपमा लिएको उल्लेख गर्दै आगामी दिनमा विभागलाई राष्ट्रिय हितअनुकूल थप सुदृढ र आधुनिक बनाउने दिशामा आवश्यक सुधार गरिने धारणा राखिन्। छलफलका क्रममा उठेका अन्य विषयबारे बोल्दै उनले संसदीय प्रणालीमा संशोधनका लागि आएको विधेयकको सीमाभित्र रहेर मात्रै छलफल गर्न सकिने स्पष्ट पारिन्। अहिले प्रस्तुत विधेयकको उद्देश्य रिक्त भएको दफालाई पुनः कायम गर्नु भएकाले त्यसको दायराभन्दा बाहिरका विषयमा निर्णय गर्न नमिल्ने उनको भनाइ थियो।

मन्त्री गौतमले गृह मन्त्रालयको प्रमुख जिम्मेवारी नेपाल प्रहरी, सशस्त्र प्रहरीलगायतका सुरक्षा संयन्त्रमार्फत दैनिक शान्ति सुरक्षा, कानुन कार्यान्वयन तथा आन्तरिक सुरक्षासम्बन्धी कार्य सञ्चालन गर्नु रहेको बताइन्।

४ यात्रुसहित बेपत्ता कार २४ घण्टासम्म भेटिएन

राजन गाउँले | *सिन्धुली*

तीव्र गतिमा रहेको बसले रोकिराखेको कारलाई ठक्कर दिँदा यात्रुसहित सुनकोशीमा बेपत्ता भएको कारको मंगलबार बिहानैदेखि खोजी कार्य थालिएको छ।

मध्यपहाडी लोकमार्गअन्तर्गत फिक्कल गाउँपालिका-२ नवलपुरमा सोमबार दिउँसो काठमाडौंबाट ओखलढुंगातर्फ जाँदै गरेको बागमती प्रदेश ०८-००१ ख ०१४४ नम्बरको बसले विपरीत दिशाबाट खुर्कोटतर्फ आउँदै गरेको प्रदेश ३-०१-०२४ च ९५७३ नम्बरको कारलाई ठक्कर दिँदा ३ जना यात्रुसहित कार सुनकोशी नदीमा बेपत्ता भएको थियो।

सोमबार राति अबेरसम्म खोजतलास गरे पनि केही पत्तो लागेको थिएन। कोशीमा पानीको बहाव उच्च भएको र रातिको समय भएकाले स्थगित गरिएको खोजी कार्यलाई मंगलबार बिहानैदेखि निरन्तरता दिइएको जिल्ला प्रहरी कार्यालय सिन्धुलीका सूचना अधिकारी (डीएसपी) विजय श्रेष्ठले जानकारी दिए।

बसले ठक्कर दिँदा अनियन्त्रित भई कार सुनकोशी नदीमा खस्दा चालक सिन्धुपाल्चोकका ३९ वर्षीय दिलकुमार लामा, एस्क्याभेटर चालक सिन्धुली गोलान्जोर गाउँपालिका-१ का करिब २८ वर्षीय गणेश थापा र हेल्पर तीनपाटन गाउँपालिका-९ डाँडाखर्कका १७ वर्षीय सुजन बलम्पाकी मगर नदीमा बेपत्ता भएका छन्।

बेपत्ता लामा मध्यपहाडी लोकमार्ग निर्माणका ठेकेदार हुन्। उनी सिन्धुपाल्चोकस्थित जुगल गाउँपालिका-७ का पूर्ववडाअध्यक्षसमेत हुन्। लामा २०७४ सालको स्थानीय निर्वाचनमा वडाअध्यक्षमा निर्वाचित भएका थिए। उनीहरू साइटमा काम सकेर खाना खान नवलपुरतर्फ आउँदै थिए।

नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी खुर्कोट बेस क्याम्पको गोताखोर टोली, बेपत्ताका आफन्त तथा स्थानीयले बेपत्ता कार र यात्रुहरूको खोजी कार्य जारी राखेका छन्। सिन्धुलीका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, प्रहरी प्रमुख विक्रम सिंह, फिक्कल गाउँपालिकाका उपाध्यक्ष राजु बराल, गोलन्जोर गाउँपालिका-१ का वडाअध्यक्ष सोमप्रसाद बरालललगायत घटनास्थलमा पुगेर खोजीमा सक्रिय भूमिका निर्वाह गरिरहेका छन्।

प्रहरीका अनुसार कारलाई ठक्कर दिने बसका चालक फिक्कल गाउँपालिका-६ का २६ वर्षीय हेमबहादुर तामाङ र बसलाई नियन्त्रणमा लिएर अनुसन्धान थालिएको छ।

कारबाही र क्षतिको माग गर्दै मध्यपहाडी राजमार्ग अवरुद्ध

यात्रुवाहक बसको ठक्करबाट ३ जनासहित कार सुनकोशी नदीमा बेपत्ता भएपछि दोषीलाई कारबाहीको माग गर्दै मध्यपहाडी राजमार्ग अवरुद्ध गरिएको छ। तीव्र गतिका कारण अनियन्त्रित भई कार नदीमा खसेको भन्दै बेपत्ताका आफन्त र स्थानीयले मंगलबार बिहानैदेखि खुर्कोट-घुर्मी सडक खण्डको नवलपुरमा टायर बालेर तथा ढुंगामुढा राखेर सडक ठप्प पारेका हुन्।

पीडितहरूले बस चालकलाई कडा कारबाही, बेपत्ताको तीव्र खोजी, उचित क्षतिपूर्ति तथा राहतको माग गरेका छन्। घटनाको दुई दिनसम्म पनि बसधनी र समिति सम्पर्कमा नआएको भन्दै उनीहरूलाई वार्तामा ल्याउन प्रशासनसँग आग्रह गरिएको छ। बेपत्ता गणेश थापाका काका उमेशकुमार थापाले घटनाको सत्यतथ्य छानबिन र दोषीमाथि कारबाही नभएसम्म आन्दोलन जारी रहने बताए।

नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको गोताखोर टोलीसहित स्थानीयले मंगलबार बिहानैदेखि खोजी निरन्तर राखेका छन्। सिन्धुलीका प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ र प्रहरी प्रमुख विक्रम सिंहसहितको टोली घटनास्थलमा खटिएको छ। प्रहरीले ठक्कर दिने बस र चालक हेमबहादुर तामाङलाई नियन्त्रणमा लिएर अनुसन्धान थालेको छ।

न्यूनतम पारिश्रमिकको ग्यारेन्टी र श्रमशोषणको अन्त्यसहित १५ बुँदे माग राखी आमरण अनशनमा बसेकी नर्स ज्योति रानाभाटको जीवनरक्षाको माग गर्दै मंगलबार काठमाडौंस्थित वीर अस्पताल परिसरमा प्रदर्शन गर्दै आन्दोलनरत नर्सहरू। ● अभिषेक महर्जन

एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरुलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

(प्रकाशित मितिः २०८३।०४।२० को अन्नपूर्ण पोस्ट राष्ट्रिय दैनिक)

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयावधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागि पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धी शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला। उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानून तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असूल उपर गरिनेछ। कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने व्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं।

तपसिल

ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरणः

१. ऋणीको नामः गह्रौ कालिका हार्डवेयर एण्ड सप्लायर्स **कर्जा शिर्षकः** क्यास क्रेडिट, चालुपूंजी कर्जा, बैंक जमानत र आवधिक कर्जा

(नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, वाणिज्य कार्यालय, रूपन्देहीमा दर्ता रहेको), दर्ता नं.: ४३१००/०७५/७६, दर्ता मितिः २०७५/०७/०८, स्थायी लेखा नं.: ६०७७६०२३३, ठेगानाः रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ७।

प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः

युवराज पंगेनीः ना.प्र.प.नं (जारी मिति/स्थान): ४२३०२१/२७०(२०६३/११/२८/स्याङ्जा), बाजेको नामः भोलानाथ पंगेनी, बाबुको नामः मोहनीलाल पंगेनी, ठेगानाः स्याङ्जा जिल्ला, कुवाकोट गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताः

सीता पाण्डेः ना.प्र.प.नं (जारी मिति/स्थान): ४२२०२५/३७४९५(२०६६/०४/१५/स्याङ्जा), बाजेको नामः विष्णुबल्लभ पाण्डे, बाबुको नामः भानुभक्त पाण्डे, ससुराको नामः मोहनीलाल पंगेनी, पतिको नामः युवराज पंगेनी, ठेगानाः स्याङ्जा जिल्ला, विर्घा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ७।

२. ऋणीको नामः सीता पाण्डे **कर्जा शिर्षकः** जग्गा खरिद कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ४२२०२५/३७४९५(२०६६/०४/१५/स्याङ्जा), बाजेको नामः विष्णुबल्लभ पाण्डे, बाबुको नामः भानुभक्त पाण्डे, ससुराको नामः मोहनीलाल पंगेनी, पतिको नामः युवराज पंगेनी, ठेगानाः स्याङ्जा जिल्ला, विर्घा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ७।

व्यक्तिगत जमानतकर्ताः

युवराज पंगेनीः ना.प्र.प.नं (जारी मिति/स्थान): ४२३०२१/२७०(२०६३/११/२८/स्याङ्जा), बाजेको नामः भोलानाथ पंगेनी, बाबुको नामः मोहनीलाल पंगेनी, ठेगानाः स्याङ्जा जिल्ला, कुवाकोट गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ७।

ऋणी गह्रौ कालिका हार्डवेयर एण्ड सप्लायर्सको लागि मात्र धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

क. भोलानाथ पंगेनीको नाति, मोहनीलाल पंगेनीको छोरा, स्याङ्जा जिल्ला, कुवाकोट गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं ७ बस्ने **युवराज पंगेनी**को नाममा मालपोत कार्यालय परासी नवलपरासीको लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, माकर गा.वि.स./न.पा., वडा नं. २, नक्सा सिट नं.२त्र स्थित कि.न. ८७ को क्षेत्रफल २,०४८.४० व.मि.को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

ख. भोलानाथ पंगेनीको नाति, मोहनीलाल पंगेनीको छोरा, स्याङ्जा जिल्ला, कुवाकोट गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं ७ बस्ने **युवराज पंगेनी**को नाममा मालपोत कार्यालय बुटवल रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, आनन्दवन गा.वि.स./न.पा., वडा नं. ६, नक्सा सिट नं. ६क स्थित कि.न. १३९३, १४९८, १४९७ र १५८९ को क्षेत्रफल क्रमशः ०-१-१३-०, ०-०-२.७५-०, ०-०-३-० र ०-०-७-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

ऋणी गह्रौ कालिका हार्डवेयर एण्ड सप्लायर्स र ऋणी सीता पाण्डेको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

विष्णुबल्लभ पाण्डेको नातिनी, भानुभक्त पाण्डेको छोरी, मोहनीलाल पंगेनीको बुहारी, युवराज पंगेनीको पत्नी, स्याङ्जा जिल्ला, विर्घा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल रूपन्देही जिल्ला, तिलोत्तमा न.पा. वडा नं. ७ बस्ने **सीता पाण्डे**को नाममा मालपोत कार्यालय भैरहवा, रूपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रूपन्देही जिल्ला, पडसरी गा.वि.स,/न.पा. वडा नं. ८, नक्सा सिट नं. ८क स्थित कि.न. ९६५, ९६६, ९६४ र ४०४ को क्षेत्रफल क्रमशः ०-२-३.५-०, ०-०-५.७५-०, ०-१-०-० र ०-१-२.५-० विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

३. ऋणीको नामः दाउन्ने देवि आल्मुनियम प्रा. लि. **कर्जा शिर्षकः** क्यास क्रेडिट र आवधिक कर्जा

(नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता रहेको), दर्ता नं.: २०३०२०/०७५/०७६, दर्ता मितिः २०७५/०८/०९, स्थायी लेखा नं.: ६०६५४११६७, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. ९।

सञ्चालक तथा व्यक्तिगत जमानतकर्ताः

क. गणेश सुवेदीः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६१०५८/१९४(२०६५/०७/२६/नवलपरासी), बाजेको नामः देविलाल सुवेदी, बाबुको नामः बुद्धि सागर सुवेदी, ठेगानाः नवलपरासी जिल्ला, पंचनगर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. १०।

ख. मिन बहादुर घर्ती क्षेत्रीः ना.प्र.प.नं (जारी मिति/स्थान): ७२१९८(२०६०/१०/२७/नवलपरासी), बाजेको नामः भिम बहादुर घर्ती क्षेत्री, बाबुको नामः नर बहादुर घर्ती क्षेत्री, ठेगानाः नवलपरासी जिल्ला, पंचनगर गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. ९।

व्यक्तिगत जमानतकर्ताहरुः

क. मन्जु आचार्य (सुवेदी): ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७३-०६६७०(२०७३/१०/११/नवलपरासी), बाबुको नामः मिन प्रसाद आचार्य, ससुराको नामः बुद्धि सागर सुवेदी, पतिको नामः गणेश सुवेदी, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. १०।

ख. नारायणी सुवेदीः ना.प्र.प.नं (जारी मिति/स्थान): ३६३०५८/८९१(२०६३/१०/२५/नवलपरासी), बाबुको नामः बुद्धि सागर सुवेदी, ससुराको नामः नर बहादुर घर्ती क्षेत्री, पतिको नामः मिन बहादुर घर्ती क्षेत्री, ठेगानाः नवलपरासी जिल्ला पंचनगर गा.वि.स वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला बर्दघाट न.पा. वडा नं. ९।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

भिम बहादुर घर्ती क्षेत्रीको नाति, नर बहादुर घर्ती क्षेत्रीको छोरा, नवलपरासी जिल्ला, पंचनगर गा.वि.स., वडा नं. २ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. ९ बस्ने **मिन बहादुर घर्ती क्षेत्री**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरूः

क. नवलपरासी जिल्ला, पंचनगर गा.वि.स./न.पा., वडा नं. २, नक्सा सिट नं. २घ स्थित कि.न. ३६ को क्षेत्रफल ०-१-७ विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

ख. नवलपरासी जिल्ला, तिलकपुर गा.वि.स./न.पा., वडा नं. ४, नक्सा सिट नं. ४ख स्थित कि.न. २६६ र २६९ को क्षेत्रफल क्रमशः ०-२-१९ र ०-१-१ विघाको जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

४. ऋणीको नामः गणेश सुवेदी **कर्जा शिर्षकः** आवास कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): ३६१०५८/१९४(२०६५/०७/२६/नवलपरासी), बाजेको नामः देविलाल सुवेदी, बाबुको नामः बुद्धि सागर सुवेदी, ठेगानाः नवलपरासी जिल्ला, पंचनगर गा.वि.स., वडा नं. ३ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. १०।

व्यक्तिगत जमानतकर्ताः

मन्जु आचार्य (सुवेदी): ना.प्र.प.नं (जारी मिति/स्थान): ३६-०१-७३-०६६७०(२०७३/१०/११/नवलपरासी), बाबुको नामः मिन प्रसाद आचार्य, ससुराको नामः बुद्धि सागर सुवेदी, पतिको नामः गणेश सुवेदी, ठेगानाः नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. १०।

धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

मिन प्रसाद आचार्यको छोरी, बुद्धि सागर सुवेदीको बुहारी, गणेश सुवेदीको पत्नी, नवलपरासी जिल्ला, बर्दघाट न.पा., वडा नं. १० बस्ने **मन्जु आचार्य (सुवेदी)** को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) जिल्ला, तिलकपुर गा.वि.स./न.पा., वडा नं. ३, नक्सा सिट नं. ३ड स्थित कि.न. ७१७ को क्षेत्रफल ०-०-९-० विघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

५. ऋणीको नामः जे वि एण्ड थ्री डटर्स ट्रेडर्स **कर्जा शिर्षकः** चालुपूंजी कर्जा र क्यास क्रेडिट

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा दर्ता रहेको) दर्ता नं.: २८२/२२७२/०६७/०६८, दर्ता मितिः २०६७/०८/२९, स्थायी लेखा नं.: ३०४२९२७६९, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

प्रोप्राईटरः

जिवन कला गौतम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): १०९३४(२०५७/०८/०६/अर्घाखाँची), बाबुको नामः बालानन्द गौतम, ससुराको नामः शिवलाल भुसाल, पतिको नामः विनीराम भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

व्यक्तिगत जमानतकर्ताहरुः

क. विनीराम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): ४७३८/१९००/३२६७(२०५१/०९/२४/अर्घाखाँची), बाजेको नामः शिवलाल भुसाल, बाबुको नामः शिवलाल भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, केरुङ्गा गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

ख. बुद्धिराम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): ५३७/४७२/०३६(२०५८/०९/२५/अर्घाखाँची), बाजेको नामः शिवलाल भुसाल, बाबुको नामः शिवलाल भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४।

ग. गोमा पाण्डेः ना.प्र.प.नं (जारी मिति/स्थान): ६८०८/५१५/०४४(२०६०/०८/०२/अर्घाखाँची), बाबुको नामः शंकर प्रसाद पाण्डे, ससुराको नामः शिवलाल भुसाल, पतिको नामः बुद्धिराम भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, पाली गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४।

६. ऋणीको नामः लक्ष्मी कोल्ड ड्रिङ्स **कर्जा शिर्षकः** क्यास क्रेडिट

(नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा दर्ता रहेको) दर्ता नं.: १५९०/३४९०/०६८, दर्ता मितिः २०६८/१०/२४, स्थायी लेखा नं.: ६०००९९९२५, ठेगानाः नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

प्रोप्राईटरः

विनीराम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): ४७३८/१९००/३२६७(२०५१/०९/२४/अर्घाखाँची), बाजेको नामः शिवलाल भुसाल, बाबुको नामः शिवलाल भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, केरुङ्गा गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

व्यक्तिगत जमानतकर्ताहरुः

क. बुद्धिराम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): ५३७/४७२/०३६(२०५८/०९/२५/अर्घाखाँची), बाजेको नामः शिवलाल भुसाल, बाबुको नामः शिवलाल भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४।

ख. गोमा पाण्डेः ना.प्र.प.नं (जारी मिति/स्थान): ६८०८/५१५/०४४(२०६०/०८/०२/अर्घाखाँची), बाबुको नामः शंकर प्रसाद पाण्डे, ससुराको नामः शिवलाल भुसाल, पतिको नामः बुद्धिराम भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, पाली गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४।

ग. जिवन कला गौतम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): १०९३४(२०५७/०८/०६/अर्घाखाँची), बाबुको नामः बालानन्द गौतम, ससुराको नामः शिवलाल भुसाल, पतिको नामः विनीराम भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

७. ऋणीको नामः जिवन कला गौतम भुसाल **कर्जा शिर्षकः** आवास कर्जा

ना.प्र.प.नं (जारी मिति/स्थान): १०९३४(२०५७/०८/०६/अर्घाखाँची), बाबुको नामः बालानन्द गौतम, ससुराको नामः शिवलाल भुसाल, पतिको नामः विनीराम भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

व्यक्तिगत जमानतकर्ताहरुः

क. विनीराम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): ४७३८/१९००/३२६७(२०५१/०९/२४/अर्घाखाँची), बाजेको नामः शिवलाल भुसाल, बाबुको नामः शिवलाल भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, केरुङ्गा गा.वि.स., वडा नं. ०८ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१।

ख. बुद्धिराम भुसालः ना.प्र.प.नं (जारी मिति/स्थान): ५३७/४७२/०३६(२०५८/०९/२५/अर्घाखाँची), बाजेको नामः शिवलाल भुसाल, बाबुको नामः शिवलाल भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४।

ग. गोमा पाण्डेः ना.प्र.प.नं (जारी मिति/स्थान): ६८०८/५१५/०४४(२०६०/०८/०२/अर्घाखाँची), बाबुको नामः शंकर प्रसाद पाण्डे, ससुराको नामः शिवलाल भुसाल, पतिको नामः बुद्धिराम भुसाल, ठेगानाः अर्घाखाँची जिल्ला, पाली गा.वि.स., वडा नं. ०१ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४।

ऋणी जे वि एण्ड थ्री डटर्स ट्रेडर्स, ऋणी लक्ष्मी कोल्ड ड्रिङ्स र ऋणी जिवन कला गौतम भुसालको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः

क. बालानन्द गौतमको छोरी, शिवलाल भुसालको बुहारी, विनीराम भुसालको पत्नी, अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, रामग्राम न.पा. वडा नं. ०१ बस्ने **जिवन कला गौतम भुसाल**को नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको रुपन्देही जिल्ला, बुटवल न.पा. वडा नं. ९, नक्सा सिट नं. ९क स्थित कि.न. १४४५५ को क्षेत्रफल ११८.५२ व.मि. को जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

ख. शिवलाल भुसालको नाति, शिवलाल भुसालको छोरा, अर्घाखाँची जिल्ला, छत्रदेव गा.पा., वडा नं. ०४ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, सुनवल न.पा. वडा नं. ०४ बस्ने **बुद्धिराम भुसाल**को नाममा मालपोत कार्यालय परासी, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को लगतमा दर्ता श्रेष्ता कायम रहेको नवलपरासी जिल्ला, रामनगर गा.वि.स./न.पा. वडा नं. ४, नक्सा सिट नं. ४छ स्थित कि.न. १२२, १२७, ३०० र २९८ को क्षेत्रफल क्रमशः ५०.७९, ९६४.९६, ६५६.११ र २१.१६ व.मि. को जग्गाहरु र उक्त जग्गाहरुमा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत।

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि | A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands | Member of : Global Alliance for Banking on Values

एनएमबि बैंक लिमिटेड
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

पाकिस्तानस्थित ब्रोड पिक हिमालमा आएको घातक हिमपहिरोमा ज्यान गुमाएका नेपाली पर्वतारोही निर्मल पुर्जा 'निम्स दाइ' सहित अन्य पर्वतारोहीहरूको सम्झनामा मंगलबार काठमाडौंको माइतीघर मण्डलामा आयोजना गरिएको दीप प्रज्वलन तथा श्रद्धाञ्जलि कार्यक्रम। ● अभिषेक महर्जन

रेडक्रसको अनियमितता छानबिन समितिले नै पाएन पुराना प्रतिवेदन

संजीप घिमिरे | *काठमाडौं*

नेपाल रेडक्रस सोसाइटीको अनियमितताबारे छानबिन गर्न गठित समितिले नै पुराना प्रतिवेदनका फाइल पाउन नसकेको खुलेको छ। मंगलबार पत्रकार भेटघाट कार्यक्रममा छानबिन समितिका संयोजक डा. दीपेश घिमिरेले पुराना प्रतिवेदन पाउन नसकेको खुलासा गरेका छन्।

केन्द्रीय तदर्थ समितिले असार ५ गते रेडक्रसको बेथिति, भ्रष्टाचार र अनियमितता छानबिन गर्न त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापकसमेत रहेका सुशासनविद् डा. घिमिरेको संयोजकत्वमा अधिवक्ता यशस्वी थापा र सीए सतिश सुवेदी रहेको तीन सदस्यीय छानबिन समिति गठन गर्ने निर्णय गरेको थियो।

समितिले कामसमेत सुरु गरिसकेको छ। रेडक्रससँग सम्बन्धित गुनासा र उजुरीका लागि सार्वजनिक अपिल गरेको समितिले आफ्नै संस्थाले विभिन्न समयमा बनाएको छानबिन समितिकै प्रतिवेदन अध्ययन गर्नुपर्ने भए पनि पाउन भने सकेको छैन।

रेडक्रसमा यसअघि बनेका समितिले १७ वटा प्रतिवेदन तयार गरेका थिए। ती प्रतिवेदनको निर्माण र कार्यान्वयनबारे अध्ययन गर्न पटकपटक ताकेता गरेको भए पनि जम्माजम्मी चारवटा प्रतिवेदनमात्र पढ्न पाएको संयोजक डा. घिमिरेले गुनासो गरे। गुनासो र उजुरी छानबिन गर्ने समिति आफैं गुनासो बोकेर काम गर्नुपर्ने बाध्यता रेडक्रसमा देखिएको छ।

परेनन् पर्याप्त उजुरी

मिडिया तथा रेडक्रसका आन्तरिक बैठकमा बेथिति र भ्रष्टाचारका कथा छताछुल्ल हुने गरे पनि छानबिन समितिमा भने पर्याप्त उजुरी परेको छैन। ३५ दिनको म्याद राखेर उजुरी र गुनासो आह्वान गरेको छानबिन समितिमा म्याद सकिँदासम्म जम्मा ५५ वटा उजुरीमात्र परेका छन्।

ती उजुरी पनि अत्यन्त गम्भीर प्रकृतिका छैनन्। सवारीसाधनको दुरुपयोग, घरभाडा, कर्मचारी भर्नाजस्ता विषयमा गुनासोकर्ता अल्झिएका छन्। गम्भीर आर्थिक अनियमितता र पदीय दुरुपयोगको पर्याप्त उजुरी पर्न सकेको छैन। अघिल्ला समितिहरूजस्तै प्रतिवेदन बनाउने र कार्यान्वयन नहुने आशंकाले उजुरीकर्तामा उत्साह देखिएको छैन।

संयोजक डा. घिमिरे भने वर्तमान समितिले रेडक्रसको मूल सफा राख्न अनुसन्धानमा कुनै कसर बाँकी नराख्ने बताउँछन्। ठूला प्रकृतिका अनुसन्धान गर्नुपरे प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो र अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायत राज्यका अनुसन्धानका निकायहरूसँग सहयोग लिएर भए पनि प्रभावकारी कार्यसम्पादन गर्ने उनले प्रतिबद्धता प्रकट गरेका छन्। उनले मिडियाका समाचारको आधारमा पनि अनुसन्धान गरिने स्पष्ट पारे।

२० दिन म्याद थप

छानबिन समितिले उजुरी दिने ३५ दिनको समय अपुग भएको भन्दै २० दिन थपेको छ। भदौ ३ गते बुधबारसम्म उजुरी गर्ने समय सीमा बढाइएको संयोजक डा. घिमिरेले बताए। हुलाक, इमेल र ह्वाट्स एपमार्फतमात्र नभई केन्द्रीय कार्यालयमा उपस्थिति भएर अथवा टेलिफोनबाट पनि गुनासो टिपाउन सकिने संयोजक डा. घिमिरेले जनाएका छन्।

नेपाल रेडक्रस सोसाइटीका उपशाखादेखि संघीय कार्यालयसम्म कार्यरत व्यक्ति अथवा समूहबारे उजुरी दिन सकिने उनले जानकारी गराएका छन्। 'आर्थिक, नैतिक र भौतिक अनियमितता तथा पद, सम्पत्ति र अधिकारको दुरुपयोग रोक्न उजुरी महत्त्वपूर्ण हुनेछ,' डा. घिमिरेले भने, 'रेडक्रसजस्तो मानवीय संस्थालाई सुशासनयुक्त बनाउन सूचना र उजुरी आवश्यक छ।' स्वयंसेवी मानवीय संस्था भएकोले रेडक्रसको स्थापना गर्दा यसमा संलग्न हुनेहरू उच्च नैतिकवान् हुने अपेक्षासहित कडा कानुनी प्रबन्ध नराखिएको पाइन्छ। यही कानुनी छिद्र प्रयोग गरी पछिल्लो समय आर्थिक अनियमिततामा संस्थालाई मुछिएको सरोकारवाला स्विकार गर्छन्।

विशेषगरी २०७२ को महाभूकम्पपछि र कोभिड–१९ लगायतका विपत्तिमा रेडक्रसमार्फत अर्बौं रकम परिचालन भएसँगै यो पवित्र मानवीय स्वयंसेवी संस्था भ्रष्टाचारको आरोप प्रत्यारोपमा फसेको छ। जसले गर्दा सुशासन र वित्तीय पारदर्शितामाथि प्रश्नमात्र उठेको छैन अन्तर्राष्ट्रिय प्रतिष्ठामा पनि असर परेको छ।

सैनिक गणको पर्खाल भत्काउन सांसदको बलमिच्याइँ

गोकर्णेश्वर नगरपालिकाका मेयर भन्छन्, 'सांसद पाण्डेले स्टन्ट गरे'

अजवी पौडचाल | *काठमाडौं*

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद राजुनाथ पाण्डे नेपाली सेनाको गणमा लगाइएको पर्खाल भत्काउने क्रममा सेनाका क्याप्टेनसँग चर्किएका छन्। काठमाडौं क्षेत्र नम्बर-३ बाट निर्वाचित सांसद पाण्डेले गोकर्णस्थित नेपाल ट्रस्टको जग्गामा बाटो विस्तार गर्ने क्रममा थर्काउने शैलीमा नेपाली सेनाका अधिकारीसँग गरेको कुराकानी सामाजिक सञ्जालमा भाइरल भएको छ।

बाटो विस्तार गर्ने भन्दै राजुनाथ पाण्डे सोमबार डोजर लिएर उक्त स्थानमा पुगेका थिए। उक्त स्थानमा नेपाली सेनाको गण रहेको र सेनाले लगाएको पर्खाल जबरजस्ती भत्काइएको थियो। नेपाली सेनालाई थाहै नदिई र पत्रसमेत नबुझाई रास्वपा सांसद पाण्डेको नेतृत्वमा डोजर चलाइएको थियो।

ब्यारेकमा सेना बसिरहेको अवस्थामा सेनालाई जानकारी नदिई र प्रक्रिया पूरा नगरी पाण्डेले पर्खाल भत्काएको भन्दै चौतर्फी विरोध भएको छ। पाण्डेले नेपाली सेनाका क्याप्टेनलाई पेलेर, जबरजस्ती गर्दै 'एकैछिन रोक्नुहोस्' भन्दाभन्दै नमानी पर्खाल भत्काएको देखिन्छ।

नेपाली सेनाका प्रवक्ता राजाराम बस्नेतले सामाजिक सञ्जालमा भाइरल भएको भिडियोका विषयमा सम्बन्धित निकायमा जानकारी गराइएको बताए। उनी भन्छन्, 'यो विषयमा के भएको हो नेपाली सेनाको पर्खाल पनि भत्किएको छ। आवश्यक अनुसन्धान हुँदैछ।'

गोकर्णेश्वर नगरपालिकाका मेयर दीपककुमार रिसालले पर्खाल भत्काएको ठाउँमा बाटो साँघुरो भएको भन्दै गुनासो आइरहेको बताए। 'त्यहाँ पर्खाल सार्न र अन्य पुलहरू बनाउन भन्दै नगरपालिकाले यसपालि बजेट पनि छुट्ट्याएको छ,' उनले भने, 'असार १ गते नगरपालिकाले काठमाडौं उपत्यका विकास प्राधिकरणलाई पत्र लेखेको थियो।'

नेपाल ट्रस्टको नाममा रहेको जग्गामा बनेको पर्खाल सार्नका लागि सहमति उपलब्ध गराइदिन भन्दै नगरपालिकाले नेपाल ट्रस्टको कार्यालयलाई पनि पत्र पठाएको थियो। गत जेठ ४ गते पठाएको पत्रमा गोकर्णेश्वर-४ माकलबारीदेखि गोकर्ण मन्दिरसम्मको दुई सय मिटर क्षेत्रमा नेपाल ट्रस्टको पर्खाल रहेका कारण करिडोर सडक साँघुरो भई सामान्य सवारीसाधनसमेत आवतजावत गर्न गाह्रो भएको भन्दै पर्खाल सार्न अनुमति मागिएको थियो।

गोकर्णेश्वर नगरपालिकाको १७औं नगरसभाले उक्त बाटो निर्माण तथा स्तरोन्नतिका लागि यो वर्ष २५ लाख बजेटसमेत छुट्ट्याएको थियो। 'प्रक्रिया पूरा गरेर हुन लागेको उक्त बाटोमा जबरजस्ती गएर पर्खाल भत्काउन जरुरी नै थिएन,' उनले भने, 'चर्काका लागि जे गरे पनि हुने हो र? नेपाली सेनाको ब्यारेक भत्काउनुअघि जानकारी गराउनुपर्ने होला, पत्र पठाउनुपर्ने होला। कुनै न कुनै प्रक्रिया त होला नि!'

सांसद राजुनाथ पाण्डे भने उक्त बाटो साँघुरो भयो भनेर पटक-पटक स्थानीयको गुनासो आएकाले भत्काउन गएको बताउँछन्। 'प्रक्रिया पूरा गरेर बनाउन यत्रो वर्ष केले रोकेको थियो? त्यति सामान्य काम थियो। उपत्यका विकास प्राधिकरणले गरे पनि हुन्थ्यो, नेपाली सेना आफैंले सारे पनि हुन्थ्यो। कसलाई कुरेर बसेको ? पर्खाल भत्काउँदा तत्कालीन समस्या समाधान हुने भएकाले प्राधिकरणकै सहभागितामा भत्काइएको हो। त्यत्रो भिड जम्मा भएको ठाउँमा नेपाली सेना पोसाक लगाएर आउन भएन नि,' उनले प्रतिप्रश्न गरे, 'क्याप्टेनसाबलाई क्याप्टेनसाब नै भनेको छु, मैले के नराम्रो भनें र?'

नेपाल ट्रस्टको जग्गामा नेपाली सेनाको ब्यारेक बसेको छ। उक्त ब्यारेकको पर्खालमा पाण्डेको अगुवाइको टोलीले डोजर चलाएपछि नेपाली सेनाले रोक्न खोजेको थियो। सो ठाउँमा बाटो साँघुरो रहेको भन्दै स्थानीयले लामो समयदेखि फराकिलो बनाइदिन माग गर्दै आएका थिए। तर, ट्रस्टको जग्गा रहेकाले बाटो विस्तार हुन सकेको थिएन।

आफैं डोजर लिएर पुगेका पाण्डेले पर्खाल भत्काउने क्रममा आधिकारिक पत्र माग्ने नेपाली सेनाका अधिकृतलाई हप्कीदप्की गरेका थिए। 'पत्र आउँदै गर्छ, भत्काउने काम रोकिँदैन' भन्दै जबरजस्ती भत्काएका थिए। नेपाली सेनाका क्याप्टेनले निकुञ्ज क्षेत्रमा रहेको बाटो भएकाले प्रक्रिया पुऱ्याएर भत्काउन अनुरोध गरेका थिए। गोकर्णेश्वर नगरपालिका-४ माकलबारीदेखि गोकर्ण मन्दिरसम्मको करिब दुई सय मिटर सडकअन्तर्गत नेपाली सेनाको निगरानीमा रहेको ठाउँमा डोजर लगाइएको हो।

नेपाली सेनाले वन्यजन्तुको संरक्षणका लागि गोकर्णदेखि दक्षिणढोकासम्म पर्खाल लगाई वनभित्र गण नै राखेर सुरक्षा दिएको थियो। निकुञ्जमा विभिन्न जनावर, वन्यजन्तु तथा चराचुरुंगी रहेकाले उनीहरूको चोरी-निकासी रोक्न र संरक्षण गर्नका लागि नेपाली सेनाले पर्खाल लगाएको थियो।

प्रधानमन्त्रीको ध्यानाकर्षण

प्रधानसेनापति अशोक सिग्देलले मंगलबार पाण्डेको हर्कतको विषयमा प्रधानमन्त्री बालेन्द्र शाहको ध्यानाकर्षण गराएका छन्। लगत्तै प्रधानमन्त्रीले नेपाली सेनाका अधिकृतलाई हप्कीदप्की गरेका सत्तारूढ रास्वपाका सांसद राजुनाथ पाण्डेलाई प्रधानमन्त्री कार्यालय बोलाएर सचेत गराएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

जोसुकै वातावरण निरीक्षक बन्न पाउने मस्यौदाको विरोध

नितु घले | *काठमाडौं*

वातावरण विषय अध्ययन नै नगरेका व्यक्तिलाई पनि वातावरण निरीक्षक र परीक्षक बन्न दिने गरी सरकारले तयार पारेको विधेयकको मस्यौदाप्रति सरोकारवालाहरूले कडा असन्तुष्टि जनाएका छन्।

वातावरण संरक्षण ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमा कुनै पनि विषयमा स्नातक गरेका व्यक्तिलाई यस्तो प्राविधिक जिम्मेवारी दिने प्रस्ताव गरिएपछि सम्बन्धित क्षेत्रका विज्ञ तथा स्नातकतह उत्तीर्ण दक्ष जनशक्ति आन्दोलित बनेका हुन्। सरकारको यो कदमले वातावरण विज्ञान, वातावरण इन्जिनियरिङ र वातावरण व्यवस्थापन पढेका हजारौं दक्ष युवाको भूमिका र योगदानलाई अवमूल्यन गरेको नेपाल वातावरण समाजको ठहर छ।

नेपाल वातावरण समाजका अध्यक्ष डा. विनोद बानियाँले विधेयकको यो प्रस्तावले वातावरण निरीक्षण र परीक्षणजस्तो अति संवेदनशील एवं प्राविधिक कार्यको मर्म र पेसागत मर्यादामाथि नै प्रहार गरेको बताए। जुनसुकै विषय पढेकालाई प्राविधिक पदमा पठाउँदा पेसागत दक्षता मर्नुका साथै समग्र वातावरण संरक्षणको मर्म नै समाप्त हुने समाजको तर्क छ।

वातावरण समाजले विज्ञप्ति जारी गर्दै निरीक्षक र परीक्षकजस्ता प्राविधिक पदमा सम्बन्धित विषयमै अध्ययन र दक्षता हासिल गरेका जनशक्तिलाई मात्रै अवसर दिइनुपर्ने माग गरेको छ।

वातावरणविद् भुपेन्द्र दासले वातावरण पूर्ण रूपमा प्राविधिक विषय भएकाले अन्य विषयका मानिसले यसको प्राविधिक जटिलता बुझ्न नसक्ने दाबी गरे। 'पानी र हावाको गुणस्तर परीक्षण गर्ने काम समाजशास्त्र पढेका व्यक्तिले गर्न सक्छन् र ? मेडिकल डाक्टरको ठाउँमा अन्य व्यक्तिले अपरेसन गर्दा के हुन्छ ?' दासले प्रतिप्रश्न गरे।

बर्सेनि प्रदूषणका कारण ४७ हजार मानिसको अकालमा ज्यान गइरहेको अवस्थामा सरकारले यति संवेदनशील विषयलाई हलुका रूपमा लिएको उनको आरोप छ। सरकारको यस्तो गैरजिम्मेवार नीतिका कारण विश्वविद्यालयहरूबाट वातावरण विज्ञानका पाठ्यक्रम नै हराउने र भविष्यमा दक्ष जनशक्तिको चरम अभाव सिर्जना हुने जोखिम उनले आँल्याए।

चौतर्फी विरोध र असन्तुष्टिका बीच कृषि, वन तथा पर्यावरण मन्त्रालयले भने विभिन्न क्षेत्रबाट आएका सुझावका आधारमा मात्रै यस्तो मस्यौदा तयार पारिएको स्पष्ट पारेको छ। मन्त्रालयका प्रवक्ता महेश्वर ढकालका अनुसार वातावरणका क्षेत्रमा काम गर्न अन्य विषयका मानिसहरूले पनि इच्छा देखाएकाले ती सुझावलाई मस्यौदामा समेटिएको हो।

प्रस्ताव अहिले छलफलकै क्रममा रहेको र सचिव, मन्त्री तथा कानुन र अर्थ मन्त्रालयबाट राय लिन बाँकी नै रहेको उनले जानकारी

कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघको अध्यक्षमा बम

वीरेन्द्रनगर (अन्नपूर्ण) : कर्णाली प्रदेश निर्माण व्यवसायी महासंघको अध्यक्षमा युवा निर्माण व्यवसायी मानव बम निर्वाचित भएका छन्। महासंघको सातौं वार्षिक साधारणसभा तथा तेस्रो अधिवेशनबाट बम सर्वसम्मतिले अध्यक्षमा निर्वाचित भएका हुन्।

उपाध्यक्षमा तुलराज शाही, सचिवमा नवीनकुमार थापा, कोषाध्यक्षमा मनोजकुमार सिंह, सहकोषाध्यक्षमा शिमिला खड्का, सदस्यहरूमा मनबहादुर चँदारा, ठानबहादुर भण्डारी, रतनबहादुर शाही, खड्गबहादुर शाही र ध्वजबहादुर शाही चयन भएका छन्। महासंघको वरिष्ठ उपाध्यक्ष र महासचिवमा पहिलो बैठकबाट वरिष्ठ उपाध्यक्षमा प्रदीप खड्का र महासचिवमा भरत डाँगी मनोनीत गर्ने सहमति भएको छ।

अधिवेशन दुई दिनसम्म चलेको थियो। अधिवेशनले संगठनको आगामी तीनवर्षे नेतृत्व चयन गर्दै निर्माण व्यवसायीका हकहित संरक्षण, व्यवसायको सम्मान, विकास निर्माणमा गुणस्तर अभिवृद्धि तथा राज्यसँग प्रभावकारी समन्वय गर्ने लक्ष्यसहित नयाँ कार्यदिशा तय गरेको जनाएको छ।

लामो समयदेखि निर्माण व्यवसायमा सक्रिय नवनिर्वाचित अध्यक्ष बमले इमान्दारिताका साथ निर्माण व्यवसायीको हकहित, व्यवसायको सम्मान र विकास निर्माणमा नयाँ गति दिने प्रतिबद्धता जनाएका छन्।

विपद् तथ्यांक

सबैभन्दा बढी मृत्यु सर्पको टोकाइबाट

निमा योञ्जन | *काठमाडौं*

पछिल्लो समय मुलुकमा भित्रिएका विभिन्न विपद्का घटनामध्ये सर्पको टोकाइबाट सबैभन्दा धेरै मानवीय क्षति भएको छ। वर्षा सुरु भएसँगै दैनिक रूपमा बढ्दै गएको सर्पदंशका कारण देशका ६४ जिल्लामा हालसम्म ५५ जनाले ज्यान गुमाइसकेका छन् भने ७ सय १ जना घाइते भएका छन्। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सरकारी प्रणालीमा दर्ता भएको तथ्यांकअनुसार मुलुकभर हालसम्म कुल ७ सय ५१ पटक सर्पदंशका घटना घटेका छन्।

प्राधिकरणको तथ्यांकअनुसार सर्पदंशबाट ज्यान गुमाउनेमा पुरुषको तुलनामा महिलाको संख्या बढी छ। सर्पको टोकाइबाट २५ जना पुरुष र ३० जना महिला गरी कुल ५५ जनाको मृत्यु भएको छ भने घाइते हुनेमा ३ सय ६ पुरुष र ३ सय ९५ महिला रहेका छन्। जिल्लागत रूपमा सबैभन्दा बढी कञ्चनपुरमा ७२ वटा सर्पदंशका घटना दर्ता भएका छन् भने सबैभन्दा बढी ६ जनाको मृत्यु कैलालीमा भएको छ।

प्रादेशिक संरचनाअनुसार सबैभन्दा बढी मानवीय क्षति मधेश प्रदेशमा भएको छ। मधेसका आठै जिल्लामा गरी १ सय २० पटक सर्पदंशका घटना हुँदा २० जनाको मृत्यु र १ सय जना घाइते भएका छन्।

लुम्बिनी प्रदेशका सबै १२ जिल्लामा गरी २ सय १८ पटक सर्पदंशका घटना घटेका छन्, जसबाट १५ जनाको मृत्यु र २ सय ३ जना घाइते भएका छन्। कोशी प्रदेशका धनकुटा र खोटाङबाहेक १२ जिल्लामा १ सय ९ वटा घटना हुँदा ८ जनाको मृत्यु र १ सय १ जना घाइते भएका छन्। सुदूरपश्चिम प्रदेशका नौवटै जिल्लामा गरी १ सय ६६ वटा घटना घटेका छन्, जहाँ ७ जनाको मृत्यु र १ सय ६४ जना घाइते भएका छन्। कर्णाली प्रदेशका कालीकोटबाहेक ९ जिल्लामा ४३ पटक घटना हुँदा ३ जनाको मृत्यु र ४० जना घाइते भएका छन्।

बागमती प्रदेशका १३ मध्ये पाँच जिल्ला सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, काठमाडौं, ललितपुर र मकवानपुरबाहेक आठ जिल्लामा ३२ वटा सर्पदंशका घटना भएका छन्। बागमतीको दोलखामा एक जनाको मृत्यु भएको छ भने ३१ जना घाइते भएका छन्। गण्डकी प्रदेशका लमजुङ, तनहुँ, पर्वत, स्याङ्जा, बागलुङ र नवलपुर गरी ६ जिल्लामा ६३ वटा घटना दर्ता भएका छन्। गण्डकीमा सर्पको टोकाइबाट ६३ जना नै घाइते भए पनि कसैको पनि मृत्यु नभएको तथ्यांकले देखाएको छ।

बिमिरो फलेपछि...

धादिङ (अन्नपूर्ण): धादिङको सिद्धलेक गाउँपालिकाले ३ वर्षअघि अनुदानमा वितरण गरेको 'सुनकागती' को बिरुवामा बिमिरोजस्तो फल लाग्न थालेपछि स्थानीय किसान आक्रोशित बनेका छन्। गाउँपालिकाले आर्थिक वर्ष २०७९/८० मा ३ लाख बजेटबाट ६ हजार ६ सय ६६ वटा बिरुवा खरिद गरी किसानलाई बाँडेको थियो। ३ वर्षसम्म मेहनत र लगानी गरेर हुर्काएका बिरुवामा अपेक्षा गरिएभन्दा फरक फल लागेपछि किसानहरूले आफ्नो श्रम र समय खेर गएको भन्दै निष्पक्ष छानबिन र क्षतिपूर्तिको माग गरेका छन्।

तत्कालीन कृषि शाखा प्रमुख कोमलप्रसाद जोशीले किसानको माग र आपूर्ति प्रक्रियामा समन्वय अभावका कारण प्राविधिक त्रुटि भएको स्वीकार गरे। गाउँपालिकाकी प्रमुख प्रशासकीय अधिकृत निशा आचार्यले भने घटनाबारे लिखित निवेदन प्राप्त नभएको र औपचारिक निवेदन आएमा आवश्यक तथ्य संकलन गरी कानुनबमोजिम छानबिन गरिने बताइन्।

सुनचाँदीको भाउ



छापावाल सुन : २,८४,०००
चाँदी : ४,३५०

(प्रतितोला रुपैयाँमा)

विदेशी विनिमय दर

मुद्रा	एकाइ	खरिद	बिक्री
अमेरिकी डलर	१	१५२.२५	१५२.८५
युरो	१	१७५.४४	१७६.१३
पाउन्ड स्टर्लिङ	१	२०४.७७	२०५.५८
भारतीय रुपैयाँ	१००	१६०	१६०.१५

लघुवित्त पीडित अझै सडकमा

५ बुँदे सहमति 'पीडितको हितविपरीत'

किरण अधिकारी | *काठमाडौं*

सरकारसँग भएको ६ बुँदे सहमति कार्यान्वयन नभएको आरोप लगाउँदै लघुवित्त तथा वित्तीय शोषण पीडितहरू पुनः आन्दोलनमा उत्रिएका छन्। तीन वर्षअघि सुरु भएको आन्दोलन पटक-पटक वार्ता र सहमतिमा टुंगिए पनि प्रतिबद्धता कार्यान्वयन नभएको भन्दै पीडितहरूले काठमाडौंको माइतीघरमा पुनः आन्दोलन चर्काएका छन्।

लघुवित्तबाट ऋण लिएपछि चर्को ब्याज, सामूहिक दबाब, धितो लिलाम, कालोसूची र असुलीका क्रममा अन्याय परेको भन्दै देशका विभिन्न जिल्लाका पीडितहरूले २०७९ सालदेखि आन्दोलन सुरु गरेका थिए। देशभर फैलिएको यो आन्दोलन २०८० मा काठमाडौं केन्द्रित बनेको थियो।

माइतीघर मण्डलामा लगातार धर्ना र जुलुसपछि २०८० चैत २ गते सरकार र आन्दोलनकारीबीच ६ बुँदे सहमति भएको थियो। उक्त सहमतिमा नेपाल राष्ट्र बैंकका निर्देशन प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, कर्जा पुनर्संरचना तथा पुनर्तालिकीकरणलाई सहज बनाउने, दोहोरो ऋणको समस्या समाधान गर्ने, अनुचित असुली नियन्त्रण गर्ने र आवश्यक नीतिगत सुधार अघि बढाउने प्रतिबद्धता जनाइएको थियो। तर सहमति व्यवहारमा लागू नभएको र सरकारले गठन गरेको कार्यदलको प्रतिवेदनअनुसार ठोस निर्णय नभएको भन्दै पीडितहरू असन्तुष्ट रहँदै आएका थिए।

असन्तुष्टिबीच २०८३ साउनमा आन्दोलनले पुनः गति लियो। ६ बुँदे सहमतिको पूर्ण कार्यान्वयन, कार्यदलको प्रतिवेदन लागू हुनुपर्ने र ऋणीमैत्री नीति ल्याउनुपर्ने मागसहित देशभरका पीडितहरू काठमाडौंमा भेला भई धर्ना र विरोधमा उत्रिएका थिए। आन्दोलन चर्किँदै गएपछि गत साउन १५ गते अर्थ मन्त्रालयमा सरकार र लघुवित्त तथा वित्तीय शोषणविरुद्ध संघर्ष समितिबीच दोस्रो पटक पाँचबुँदे सहमति भएको छ।

सहमतिअनुसार कार्यदलले २०८१ साउन २२ गते बुझाएको प्रतिवेदनलाई आधार मानी १५ दिनभित्र कार्यान्वयन कार्ययोजनासहित अर्थ मन्त्रालयमा सिफारिस पेस गरिनेछ। साथै समस्यामा परेका ऋणीहरूको पुनर्स्थापनाका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने, कालोसूची तथा धितो लिलामसम्बन्धी व्यवस्थाको पुनरावलोकन गरी व्यावहारिक विकल्प प्रतिवेदनमा समावेश गर्ने र राष्ट्र बैंकले जारी गरेको 'सञ्चालन मार्गदर्शन-२०८१' पूर्ण रूपमा कार्यान्वयन गर्ने सहमति भएको छ। ऋण असुलीका क्रममा मानसिक वा शारीरिक दबाब दिने, घरबाट जिन्सी सामान उठाउने वा किस्ता नतिरेसम्म दुःख दिनेजस्ता गैरकानुनी गतिविधि रोक्न गृह मन्त्रालयमार्फत जिल्ला प्रशासन कार्यालयहरूलाई निर्देशन दिने निर्णय पनि सहमतिमा समेटिएको छ।

सरकारसँग सहमतिपछि संघर्ष समितिले देशभरका आन्दोलनका कार्यक्रम स्थगित गर्ने जनाए पनि आन्दोलनरत अर्को पक्षले भने उक्त पाँचबुँदे सहमतिलाई 'पीडितको हितविपरीत' भन्दै माइतीघरमा प्रदर्शन जारी राखेको छ। चितवन रत्ननगरका पीडित वीरबहादुर तामाङले केही व्यक्तिहरू नेता बन्ने व्यक्तिगत स्वार्थमा लागेर सोझासाझा महिलालाई झुक्याउँदै सरकारसँग पाँचबुँदे सहमति गरेको आरोप लगाए। यस्तै अर्को पीडित हरिमाया मल्लले पनि सहमति अन्यायपूर्ण रहेको भन्दै न्यायपूर्ण ऋण तिर्न तयार भए पनि अन्यायपूर्ण ऋण नतिर्ने र लघुवित्त खारेजी तथा ऋण मिनाहा नभएसम्म आन्दोलन जारी रहने बताइन्।

सरकारले एक पक्षसँग पाँचबुँदे सहमति गरिसके तापनि असन्तुष्ट पक्षले भने आफ्ना १४ बुँदे माग अघि सार्दै माइतीघरमा आन्दोलन जारी राखेका छन्। ती १४ बुँदे माग सरकारले सम्बोधन नगर्दासम्म आन्दोलन नरोकिने अडान उनीहरूले लिएका छन्।

भोजपुरमा सकियो ८० प्रतिशत रोपाइँ

प्रदीपचन्द्र राई | *भोजपुर*

समयमै मनसुन सक्रिय भएसँगै भोजपुरमा यस वर्षको धान रोपाइँ ८० प्रतिशतभन्दा बढी सकिएको छ। पर्याप्त वर्षा र अनुकूल मौसमका कारण जिल्लाका अधिकांश क्षेत्रका कृषकहरू रोपाइँ सकेर गोडमेलतर्फ लागेका छन्। कृषि प्राविधिकहरूले पनि यस वर्ष धान उत्पादन प्रशस्त हुने जनाएका छन्।

कृषि ज्ञान केन्द्र भोजपुरका अनुसार जिल्लाको कुल खेतीयोग्य जमिन ६२ हजार २ सय ९९ हेक्टर रहेकामा १२ हजार ५० हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ। हालसम्म ९ हजार ६ सय ४० हेक्टर क्षेत्रफलमा धान रोपाइँ सकिएको छ। बाँकी क्षेत्रमा पनि केही दिनभित्र रोपाइँ सकिने अनुमान गरिएको छ।

भोजपुरमा बेलकुटी, अट्टे, सानो मसिना, मनसुलीलगायतका स्थानीय तथा उन्नत जातका धानको खेती गरिन्छ। जिल्लाका केही क्षेत्रमा बर्खेधान र अधिकांश स्थानमा मंसिरे धान लगाउने चलन छ। बेंसी फाँटका उर्वर क्षेत्रमा भने कृषकहरूले वर्षमा दुई बाली उत्पादन गर्दै आएका छन्।

भोजपुर नगरपालिका, टेम्केमैयुङ गाउँपालिका, षडानन्द नगरपालिका, अरुण गाउँपालिकालगायतका क्षेत्रहरू धान उत्पादनका प्रमुख पकेट क्षेत्र मानिन्छन्। यी क्षेत्रमा सिँचाइको सुविधा, उर्वर माटो र अनुकूल हावापानीका कारण धान उत्पादन राम्रो हुने गरेको कृषि प्राविधिकहरूको भनाइ छ।

भोजपुर नगरपालिका-५, बोखिमका कृषक चूडाबहादुर राईले यस वर्ष समयमै पानी परेकाले रोपाइँ सहज भएको बताए। उनले भने, 'अघिल्ला वर्षहरू जस्तो पानीको चिन्ता गर्नु परेन। समयमै पानी परेकाले रोपाइँ पनि छिट्टै सकियो। अब रोग-कीराको समस्या नआए राम्रो उत्पादन हुने आशा छ।'

यस्तै, टेम्केमैयुङ गाउँपालिका-४ की माया राईले रोपाइँ सकिएसँगै किसानको मुख्य चिन्ता मल र बाली संरक्षणतर्फ रहेको बताइन्। 'रोपाइँ त सकियो तर अब समयमा मल पाइयो र बालीमा रोग लागेन भने अन्न उत्पादन पनि राम्रो हुन्छ भन्ने लागेको छ,' उनले भनिन्।

कृषि ज्ञान केन्द्र भोजपुरका प्रमुख मुकेशकुमार यादवका अनुसार यो वर्ष पर्याप्त वर्षा भएकाले रोपाइँ लक्ष्यअनुसार अघि बढेको बताए। मौसमले साथ दिए उत्पादनमा समेत वृद्धि हुने अपेक्षा गरिएको उनको भनाइ छ। 'हालसम्म करिब ८० प्रतिशत रोपाइँ सकिएको छ। बाँकी क्षेत्रको रोपाइँ पनि केही दिनभित्र सकिन्छ। अहिले किसानलाई बाली व्यवस्थापन र रोग-कीरा नियन्त्रणबारे प्राविधिक परामर्शसमेत दिइरहेका छौं,' उनले सुनाए।

यता, कृषि विकास निर्देशनालय विराटनगरका अनुसार कोशी प्रदेशभर हालसम्म करिब ७४ प्रतिशत धान रोपाइँ सकिएको छ। निर्देशनालयको तथ्यांकअनुसार उच्च पहाडका तीन जिल्लामा ६१ प्रतिशत, मध्य पहाडका आठ जिल्लामा ७२ प्रतिशत तथा तराईका तीन जिल्लामा ७६ प्रतिशत क्षेत्रमा धान रोपाइँ सम्पन्न भइसकेको छ।

युरोपमा नेपाली आईटीको पहुँच विस्तार गर्दै नास आईटी

काठमाडौं (अन्नपूर्ण): नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आईटी सर्भिसेस कम्पनीज (नास आईटी) ले नेपाली सूचना प्रविधि उद्योगलाई अन्तर्राष्ट्रिय बजारमा जोड्ने भएको छ। यसका लागि नास आईटीले आगामी भदौ २१ देखि असोज ५ गतेसम्म बेलायत र स्विट्जरल्यान्डमा 'नेपाल टेक रोडशो २०२६' सञ्चालन गर्दैछ।

रोडसोमार्फत नेपाली आईटी कम्पनीहरूलाई युरोपका व्यवसायी, लगानीकर्ता, स्टार्टअप, प्रविधि समुदाय तथा गैरआवासीय नेपालीसँग प्रत्यक्ष सम्पर्क गराइने नास आईटीले जनाएको छ।

कार्यक्रम स्विस सरकार विकास सहयोग (एसडीसी) र 'नेपाल इन बिजनेसः ग्रोथ एन्ड एक्सपान्सन' कार्यक्रमको सहयोगमा हुन लागेको हो। यसको कार्यान्वयन दाइ ग्लोबल यूकेले गर्दैछ। यसअघि अस्ट्रेलिया र अमेरिकामा सम्पन्न रोडशोको निरन्तरता स्वरूप युरोप संस्करण आयोजना गर्न लागिएको हो।

रोडशोले नेपाली आईटी उद्योगलाई युरोपसँग प्रत्यक्ष जोड्न महत्त्वपूर्ण भूमिका खेल्ने नास आईटीका अध्यक्ष गौरव पौडेलले बताए।

'नेपाली आईटी कम्पनीहरूले आफ्नो क्षमता अन्तर्राष्ट्रिय बजारमा प्रमाणित गरिसकेको छ,' उनले भने, 'अब युरोपका व्यवसाय, लगानीकर्ता र प्रविधि समुदायसँग प्रत्यक्ष सहकार्य विस्तार गर्न खोजिएको छ।'

पहिलो चरणको रोडशो भदौ २१ देखि २७ सम्म युकेमा सञ्चालन हुनेछ। लन्डनस्थित रेडिसन ब्लू होटेल लन्डन हिथ्रोमा सेप्टेम्बर ६ मा मुख्य कार्यक्रम आयोजना गरी यसको सुरुआत गरिनेछ।

कार्यक्रममा नेपालको आईटी उद्योगको विकास, सम्भावना, नेपाली कम्पनीको क्षमता र व्यावसायिक सहकार्यका अवसरबारे छलफल हुनेछ। यस चरणमा १७ भन्दा बढी सदस्य कम्पनीहरूले आफ्ना सेवा, उत्पादन तथा नवीन प्रविधिमा आधारित समाधान प्रस्तुत गर्दै अन्तर्राष्ट्रिय समुदायसँग संवाद गर्ने छन्।

नाटा अध्यक्षको उम्मेदवारमा युबिका भण्डारी

काठमाडौं (अन्नपूर्ण) : नेपाल एसोसिएसन अफ टुर एन्ड ट्राभल एजेन्ट्स (नाटा) अध्यक्ष पदमा युबिका भण्डारीले उम्मेदवारी दिने घोषणा गरेकी छन्। हाल भण्डारी नाटाको महासचिव पदमा छिन्।

उनीसँग पर्यटन क्षेत्रमा दुई दशकभन्दा बढीको अनुभव रहेको छ। उनी नाटाको कार्यसमितिमा लगातार ६ वर्ष रहेर योगदान गरेकी छन्। उनले सन् २०२० मा कोषाध्यक्षबाट प्रवेश गरी सचिव हुँदै हाल महासचिवको जिम्मेवारी सम्हालिरहेकी छन्।

भण्डारी सन् २०११ देखि शशिज होलिडेज इन्टरनेसनल ट्राभल एन्ड टुर्सकी प्रबन्ध निर्देशकका रूपमा कार्यरत छन्। वास्तुकलामा स्नातक गरेकी भण्डारीले एस इन्स्टिच्युट अफ म्यानेजमेन्टबाट कार्यकारी एमबीए अध्ययन गरेकी छन्।

उनले राष्ट्रपतिबाट नेपाल विद्याभूषण 'क' तथा पोखरा विश्वविद्यालयबाट कुलपति स्वर्ण पदक प्राप्त गरिसकेकी छिन्।

भण्डारीले आफ्नो उम्मेदवारी व्यक्तिगत महत्त्वाकांक्षाभन्दा पनि पर्यटन उद्योगलाई बलियो, एकताबद्ध र भविष्यका चुनौती सामना गर्न सक्षम संस्था निर्माण गर्ने उद्देश्यले दिएको बताएकी छन्।

सामसङ प्लाजाको सोरुम कालीमाटीमा

काठमाडौं (अन्नपूर्ण): हिम इलेक्ट्रोनिक्सद्वारा सञ्चालित सामसङ प्लाजाले कालीमाटीमा १६औं सोरुम सञ्चालन गरेको छ। सामसङ प्लाजाले खुद्रा बिक्री सञ्जाललाई विस्तार गर्दै यस क्षेत्रका ग्राहकलाई सक्कली सामसङ उत्पादन उपलब्ध गराएको जनाएको छ। सोरुमको उद्घाटन सामसङ प्रबन्ध निर्देशक चाङ यूके जङ र हिम इलेक्ट्रोनिक्सकी निर्देशक सीमा गोल्छाले संयुक्त रूपमा गरेका थिए।

सोरुममा सामसङका नवीनतम स्मार्टफोन, टेलिभिजन, घरायसी उपकरण तथा अन्य इलेक्ट्रोनिक उत्पादनहरूसहित सक्कली सामसङ उत्पादनहरूको विस्तृत शृंखला उपलब्ध छ।

लिट्मसको 'पावर पार्टनर्स मिट' मा २०० डिलर सहभागी

काठमाडौं (अन्नपूर्ण) : लिट्मस इन्डस्ट्रिजले चौथो 'पावर पार्टनर्स मिट २०८३' पोखरामा सम्पन्न गरेको छ। कार्यक्रममा देशभरबाट करिब दुई सय च्यानल पार्टनरहरूको सहभागिता रहेको कम्पनीले जनाएको छ।

हरेक वर्ष आयोजना हुने यस कार्यक्रमले कम्पनी र यसको डिलर नेटवर्क बीचको सहकार्यलाई अझ सुदृढ बनाउने, साझा उपलब्धिहरूको सम्मान गर्ने तथा आगामी रणनीतिक योजनाबारे जानकारी आदानप्रदान गर्ने उद्देश्य राखेको थियो।

कार्यक्रममा लिट्मस इन्डस्ट्रिजको पाँच दशकभन्दा लामो यात्रालाई समेटिएको प्रस्तुति गरिएको थियो। सो क्रममा कम्पनीको विकासक्रम, बजार नेतृत्व, उत्पादन क्षमता, महत्त्वपूर्ण उपलब्धि तथा भावी रणनीतिबारे जानकारी गराइएको थियो। साथै, अत्याधुनिक प्रविधि, निरन्तर नवप्रवर्तन तथा विश्वस्तरीय उत्पादन मापदण्डमार्फत उच्च गुणस्तरका उत्पादन उपलब्ध गराउने प्रतिबद्धतालाई कम्पनीले पुनः दोहोऱ्याएको छ।

डिलर नेटवर्कको योगदानको कदर गर्दै कम्पनीले उत्कृष्ट कार्यसम्पादन गर्ने १२ डिलरलाई विभिन्न विधामा सम्मान गरेको छ। राइजिङ स्टार, पेमेन्ट एक्सिलेन्स तथा प्रतिष्ठित लिट्मस एक्सिलेन्स अवार्डसहितका विभिन्न विधामा पुरस्कार प्रदान गर्दै उत्कृष्टता, विश्वास र दीर्घकालीन साझेदारीको सम्मान गरिएको थियो।

लिट्मसका प्रबन्ध निर्देशक रोहित गुप्ताले कम्पनीले गुणस्तरमा कहिल्यै सम्झौता नगर्ने स्पष्ट पारे। उनले लिट्मसका लागि गुणस्तर केवल प्राथमिकता होइन, ब्रान्डको आधार र प्रत्येक ग्राहकप्रति गरिएको प्रतिबद्धता भएको बताए।

'सीईओ अफ द इयर' अवार्डबाट तुलाधर सम्मानित

काठमाडौं (अन्नपूर्ण) : नेपाल लिकर्सका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अभनिशवीरसिंह तुलाधर सिंगापुरमा सम्पन्न 'एसिया बिजनेस लिडर्स अवाड्र्स'मा प्रतिष्ठित 'सीईओ अफ द इयर' अवार्डबाट सम्मानित भएका छन्।

'एसिया बिजनेस लिडर्स अवाड्र्स' ले प्रत्येक वर्ष एसिया क्षेत्रका उत्कृष्ट व्यवसायीलाई नेतृत्व, रणनीतिक नवप्रवर्तन र सम्बन्धित उद्योगहरूमा पुऱ्याएको रूपान्तरणकारी योगदानको कदर गर्दै सम्मानित गर्दै आएको छ।

नेपाल लिकर्सको डाइरेक्टर अफ अपरेसन्सका रूपमा सफलतापूर्वक जिम्मेवारी सम्हालिसकेपछि तुलाधर कम्पनीको सीईओको रूपमा नियुक्त भएका हुन्। 'जेन-जी' पुस्ताका गतिशील नेतृत्वकर्ता तुलाधरले युनिभर्सिटी अफ रिचमन्ड र इसेक बिजनेस स्कुलबाट उच्च शिक्षा हासिल गरेका छन्। उनले अन्तर्राष्ट्रिय शैक्षिक ज्ञान र कम्पनीभित्रको व्यावहारिक अनुभवलाई संयोजन गर्दै बजारमा आधुनिक एवं दूरदर्शी दृष्टिकोण भित्र्याएका छन्।

२०३६ सालमा स्थापित नेपाल लिकर्स नेपालभर उच्च गुणस्तरीय मदिराजन्य पेय पदार्थहरूको उत्पादन, मिश्रण र वितरण गर्दै आएको एक अग्रणी कम्पनी हो। यसले सिग्नेचर ह्विस्की र स्मिरनोफ भोड्काजस्ता ब्रान्डहरू उत्पादन गर्दै आएको छ।

सार्वजनिक सूचना !!

विदेशी शैक्षिक कार्यक्रम (सञ्चालन र नियमन) नियमावली २०८३ परिच्छेद ८ (२०) को उपदफा २ अनुसार यस इन्टरनेशनल स्कुल अफ मेनेजमेन्ट एण्ड टेक्नोलोजी काठमाडौं प्रा.लि. (The London College) ले QAA/ Accreditation प्राप्त University of West of Scotland को सम्बन्धनमा BSc (Hons) Computer Networking कार्यक्रम सञ्चालन गरी रहेकोमा उक्त कार्यक्रम परिवर्तन गरी निर्देशिकामा भएको व्यवस्था बमोजिम University of West of Scotland कै BEng (Hons) Cyber Security कार्यक्रम सञ्चालन गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने गरिने भएकोले यसमा कोही कसैको दावी एवं उजुरी भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षण संस्था समन्वय शाखा, सिंहदरबार अथवा ईन्टरनेशनल स्कूल अफ म्यानेजमेन्ट एण्ड टेक्नोलोजी काठमाडौं प्रा.लि.वा info@ismt.edu.np मा उजुरी तथा दावी गर्नु गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अन्नपूर्ण विज्ञापन पाटी

रामबहादुरले पाए वाइल्ड कार्ड

ह्वीलचेयर टेनिस खेलाडी रामबहादुर तामाङले जापानमा हुने पाँचौं एसियाली पारा खेलकुदमा वाइल्ड कार्ड पाएका छन्। राम विपर्टाइट इम्भिटेसन प्रणालीमार्फत पारा एसियाली खेलकुदका लागि छनोट भएको नेपाल ह्वीलचेयर टेनिस संघका अध्यक्ष विकास थापाले जानकारी दिए।

अन्नपूर्ण
annapurnapost.com
८
रंगशाला

प्रतियोगितामा केन्द्रित भलिबल संघ, ग्रासरुट कार्यक्रममा छैन ध्यान

विष्णु थापा | *काठमाडौं*

नेपाल भलिबल संघले यस आर्थिक वर्षका लागि वार्षिक कार्यक्रम सार्वजनिक गर्दा प्रतियोगितालाई प्राथमिकतामा राखे पनि नेपाली भलिबलको दीर्घकालीन विकासका लागि अत्यावश्यक मानिने ग्रासरुट कार्यक्रम, प्रशिक्षक प्रशिक्षण, नियमित प्रशिक्षण र प्रतिभा पहिचानका योजनालाई भने महत्त्व नै दिएन। संघले हरेक वर्ष विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितालाई आफ्नो वार्षिक क्यालेन्डरमा समेट्दै आएको छ। तर, प्रतियोगिता आयोजना र सहभागितामै केन्द्रित कार्यक्रमले खेलाडी उत्पादनको आधार बलियो बनाउने, नयाँ प्रतिभा खोज्ने र उनीहरूलाई नियमित प्रशिक्षणमार्फत राष्ट्रिय स्तरसम्म पुऱ्याउने विषय भने ओझेलमा पर्दै गएको भलिबलका जानकारहरूको बुझाइ छ।

नेपाल भलिबल संघका महासचिव रोशन श्रेष्ठले वार्षिक कार्यक्रम घोषणा गर्दा सबै कार्यक्रमलाई समेट्न नसकेकाले विद्यालय तहदेखि नै ग्रासरुट कार्यक्रमलाई सञ्चालन गरिने बताए। 'नेपालको राष्ट्रिय खेल भलिबलको विकास र विस्तारका लागि संघले हरसम्भव रूपमा काम गर्दै आएको छ। सरसर्ती हेर्दा वार्षिक कार्यक्रम प्रतियोगिता केन्द्रित देखिए पनि ग्रासरुट कार्यक्रमलाई पनि संघले महत्वका साथ प्राथमिकतामा राखेको छ', महासचिव श्रेष्ठले भने।

भलिबलमा नेपालले पछिल्लो समय अन्तर्राष्ट्रिय स्तरमा राम्रो सम्भावना देखाउँदै आएको छ। विशेषगरी महिला भलिबलमा राष्ट्रिय टोलीले प्राप्त गरेको सफलता र लोकप्रियताका कारण देशभर यस खेलप्रति आकर्षण बढेको छ। विद्यालय, कलेज तथा स्थानीय तहमा भलिबल खेल्ने युवाको संख्या पनि उल्लेख्य छ। तर, यही बढ्दो आकर्षणलाई व्यवस्थित रूपमा प्रतिभा विकासमा रूपान्तरण गर्ने दीर्घकालीन योजना भने पर्याप्त रूपमा अघि बढाउन संघले सकेको छैन। महासचिव श्रेष्ठ ग्रासरुट कार्यक्रम सञ्चालन गर्न लामो समय चाहिने र पूर्वाधार पनि राम्रो हुनुपर्ने भएकाले तत्काल आँट गर्न नसकिएको बताए। 'ग्रासरुट कार्यक्रम सञ्चालन गर्न लामो समय लाग्छ भने पूर्वाधार पनि चाहिन्छ। हामीसँग पूर्वाधारको अभाव छ। त्यही कारण चाहँदाचाहँदै पनि ग्रासरुटका कार्यक्रम सञ्चालन गर्न सकिरहेका छैनौं', उनले भने।

पूर्वअन्तर्राष्ट्रिय खेलाडी एवं भलिबलका मुख्य प्रशिक्षक जगदीश भट्ट संघले आफ्नो क्षमता

र दक्षताका आधारमा रहेर वार्षिक कार्यक्रम घोषणा गरेको उल्लेख गर्दै संघका कार्यक्रम भलिबल खेलको विकासका लागि महत्त्वपूर्ण रहेको बताए। 'वार्षिक कार्यक्रम संघले आफ्नो दक्षता र क्षमताका आधारमा गर्ने हो। संघले विभिन्न अन्तर्राष्ट्रिय प्रतियोगितामार्फत नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग पुऱ्याउने लक्ष्य राखेको छ', मुख्य प्रशिक्षक भट्टले भने, 'हाम्रा खेलाडीले स्वदेशमै अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउने छन्। यो सकारात्मक छ।'

विशेषज्ञहरूका अनुसार कुनै पनि खेलको विकास प्रतियोगिता आयोजना गरेर मात्र सम्भव हुँदैन। त्यसका लागि बालबालिकालाई सानै उमेरदेखि खेलमा आकर्षित गर्ने ग्रासरुट कार्यक्रम, विद्यालयस्तरीय प्रशिक्षण, प्रशिक्षक उत्पादन, प्रतिभा पहिचान, नियमित प्रशिक्षण र उमेर समूहका खेलाडीलाई क्रमशः माथिल्लो स्तरमा लैजाने संरचना आवश्यक हुन्छ। तर, भलिबल संघको वार्षिक कार्यक्रम हेर्दा यस्ता आधारभूत पक्षभन्दा प्रतियोगितालाई नै मुख्य प्राथमिकता दिइएको देखिन्छ। 'ग्रासरुट' कार्यक्रमलाई भलिबलको भविष्य निर्माण गर्ने आधारका रूपमा लिइन्छ। यही तहबाट खेलाडी पहिचान र विकास हुन सकेमा आगामी दिनमा राष्ट्रिय टोलीका लागि पर्याप्त प्रतिभा उत्पादन गर्न सकिन्छ। तर, नेपालमा प्रतिभा पहिचानका कार्यक्रम नियमित र देशव्यापी रूपमा सञ्चालन हुन नसक्दा ग्रामीण क्षेत्र तथा विद्यालय तहमा रहेका सम्भावनायुक्त खेलाडी अवसरबाट वञ्चित हुने अवस्था छ।

भलिबल संघको वार्षिक कार्यक्रम

नेपालमा भलिबलको पहुँच अन्य धेरै खेलको तुलनामा व्यापक छ। गाउँदेखि सहरसम्म भलिबल खेलिने भएकाले संघले स्थानीय तह, प्रदेश, विद्यालय र क्लबलाई समेटेर दीर्घकालीन प्रतिभा विकास कार्यक्रम सञ्चालन गर्न सक्ने प्रशस्त सम्भावना छ। तर, प्रतियोगितामुखी वार्षिक क्यालेन्डरले यो सम्भावनालाई संस्थागत रूपमा उपयोग गर्न नसकेकोमा भने आलोचना पनि हुँदै आएको छ।

अर्कोतर्फ, नियमित प्रशिक्षणको अभाव पनि नेपाली भलिबलको प्रमुख चुनौतीका रूपमा देखिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिता नजिकिएपछि मात्र खेलाडीलाई प्रशिक्षणमा राख्ने प्रवृत्तिले दीर्घकालीन प्रदर्शनमा असर पार्न सक्छ। खेलाडीको शारीरिक क्षमता, प्राविधिक दक्षता, रणनीतिक ज्ञान र मानसिक तयारी विकास गर्न वर्षभरि नै योजनाबद्ध प्रशिक्षण आवश्यक हुन्छ। विशेषगरी उमेर समूहका खेलाडीका लागि नियमित प्रशिक्षण र प्रतियोगिताको संयोजन महत्त्वपूर्ण हुन्छ। यू-१५, यू-१७, यू-१९ तथा यू-२१ तहमा निरन्तर प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्न सकेमा राष्ट्रिय टोलीको 'ब्याकअप' बलियो बनाउन सकिन्छ। तर यस्ता कार्यक्रम पर्याप्त रूपमा सञ्चालन नहुँदा राष्ट्रिय टोलीमा नयाँ खेलाडी प्रवेश गर्ने प्रक्रिया पनि सहज बन्न सकेको छैन।

भलिबलका मुख्य प्रशिक्षक भट्ट १० वटा ठूला प्रतियोगिता अघि एक/दुई महिना प्रशिक्षण हुने बताउँछन्। 'खेलाडीले प्रशिक्षण नै पाउँदैनन् भन्ने हुँदैन। ठूला प्रतियोगिता अघि हामीले तयारी गर्ने पर्छ। त्यसका लागि प्रशिक्षण मुख्य प्राथमिकतामा पर्छ', मुख्य प्रशिक्षक भट्टले भने।

भलिबल संघले प्रतियोगिता आयोजना गर्नु सकारात्मक पक्ष भए पनि त्यसको प्रभाव दीर्घकालीन बनाउन प्रतियोगितासँगै खेलाडी विकासका कार्यक्रमलाई समान प्राथमिकता दिनुपर्ने आवश्यकता देखिन्छ। प्रतियोगिताले तत्काल खेलाडीलाई प्रतिस्पर्धाको अनुभव दिन्छ भने ग्रासरुट र प्रशिक्षणले भविष्यका खेलाडी तयार गर्छ। यी दुवै पक्षलाई सन्तुलित रूपमा अघि बढाउन नसकिएमा अहिलेको लोकप्रियता र सफलतालाई दीर्घकालीन उपलब्धिमा रूपान्तरण गर्न कठिन हुन सक्छ।

खेल विज्ञहरू संघको वार्षिक कार्यक्रमलाई 'प्रतियोगिता क्यालेन्डर' भन्दा पनि 'भलिबल विकासको रणनीतिक योजना' का रूपमा विकास गर्नुपर्ने बताउँछन्। त्यसका लागि विद्यालयस्तरमा नियमित प्रशिक्षण, जिल्लास्तरमा प्रतिभा खोजी, प्रदेशस्तरमा विकास टोली, उमेर समूहका राष्ट्रिय प्रशिक्षण तथा प्रशिक्षक विकास कार्यक्रमलाई प्राथमिकतामा राख्नुपर्ने उनीहरूको सुझाव छ।

नेपालले अन्तर्राष्ट्रिय स्तरमा बलियो उपस्थिति जनाउने लक्ष्य राख्ने हो भने राष्ट्रिय टोलीमा केही स्थापित खेलाडीको प्रदर्शनमा मात्र निर्भर भएर पुग्दैन। त्यसका लागि देशभरबाट निरन्तर रूपमा नयाँ प्रतिभा उत्पादन हुने प्रणाली आवश्यक हुन्छ। ग्रासरुटदेखि राष्ट्रिय टोलीसम्मको स्पष्ट 'पाइपलाइन' निर्माण गर्न सके मात्र नेपाली भलिबलले दिगो सफलता हासिल गर्न सक्छ। त्यसैले नेपाल भलिबल संघले आगामी दिनमा प्रतियोगिताको संख्या बढाउनेभन्दा पनि प्रतियोगिता, प्रशिक्षण र प्रतिभा विकासबीच सन्तुलन कायम गर्नुपर्ने देखिन्छ। संघको वार्षिक कार्यक्रममा ग्रासरुट विकास, विद्यालय तथा उमेर समूहको प्रशिक्षण, प्रशिक्षक क्षमता अभिवृद्धि र प्रतिभा पहिचानलाई स्पष्ट रूपमा समेट्न सके नेपाली भलिबलको भविष्य अझ बलियो बन्न सक्छ।

अहिलेको आवश्यकता प्रतियोगिता मात्र होइन, प्रतियोगिताका लागि खेलाडी उत्पादन गर्ने संरचना निर्माण गर्नु हो। भलिबलको बढ्दो लोकप्रियतालाई अन्तर्राष्ट्रिय सफलतामा रूपान्तरण गर्ने हो भने संघले अब आफ्नो प्राथमिकता 'आजको प्रतियोगिता' बाट 'भोलिको खेलाडी' निर्माणतर्फ पनि उत्तिकै केन्द्रित गर्नुपर्ने देखिन्छ।

तेक्वान्दो टोलीको बिदाइ

अन्नपूर्ण | *काठमाडौं*

चीनको नानजिङमा आयोजना हुने तेक्वान्दो ग्रान्डस्लाम युथ लिग ग्लोबल फाइनलमा प्रतिस्पर्धा गर्न जाने नेपाली तेक्वान्दो टोलीको बिदाइ गरिएको छ। मंगलबार आयोजित कार्यक्रममा नेपाली खेलाडी, प्रशिक्षक, व्यवस्थापक र अन्तर्राष्ट्रिय निर्णायकलाई नेपाल तेक्वान्दो संघका महासचिव हेमन्त डाँगी, राष्ट्रिय खेलकुद परिषद्का राष्ट्रिय टिम तयारीका निर्देशक एवं कीर्तिमानी तेक्वान्दो खेलाडी दीपक विष्ट, उपनिर्देशक एवं राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघका अध्यक्ष दीपक श्रेष्ठ, काठमाडौं जिल्ला तेक्वान्दो संघका अध्यक्ष विक्रम खड्गीलगायतले बिदाइ गरेका थिए।

अगस्ट ७ देखि ९ तारिखसम्म सञ्चालन हुने प्रतियोगितामा नेपालका १३ खेलाडीले प्रतिस्पर्धा गर्ने छन्। प्रतियोगितामा पुरुष ४२ केजीमुनि सिबेन सुब्बा, ३९ केजीमुनि शाश्वत निरौला, २१ केजीमुनि सम्भयम महतारा, २७ केजीमुनि सरभव महतारा, ६० केजीमुनि आदेश विष्ट, ४५ केजीमुनि आवश्यक विष्ट र ५४ केजीमुनि आरध्या खरेलले प्रतिस्पर्धा गर्नेछन्। यस्तै महिला ३१ केजीमुनि युनिका पौडेल, ४५ केजीमुनि लोचनी भट्टराई र २८ केजीमुनि प्रिसा ज्ञवालीले नेपालको चुनौती प्रस्तुत गर्नेछन्। प्रिसाले यू-११ एकल पुम्सेमा पनि प्रतिस्पर्धा गर्ने छिन्।

यसैगरी सिनियर पुरुषको ५४ केजीमुनि अभिषेक डल्लाकोटी, ६८ केजीमुनि अफेस खत्री तथा ३० वर्षमुनिको एकल पुम्सेमा अनिश अधिकारीले खेल्ने छन्। यस्तै प्रशिक्षकमा पुजन खड्का र गौतम श्रेष्ठ, टिम व्यवस्थापकमा प्रज्ञा पाण्डे तथा हेड अफ टिममा अन्तर्राष्ट्रिय निर्णायक विकेश बिडारी छन्। विकेशले प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्ने छन्। नेपाली टोली बुधबार चीन प्रस्थान गर्नेछ।

लालीगुराँस क्वार्टरफाइनलमा

अन्नपूर्ण | *काठमाडौं*

लालीगुराँस नेसनल एकेडेमी र हेराल्ड इन्टरनेसनल कलेज प्रथम प्याराडाइस अन्तरकलेज बास्केटबल प्रतियोगिताको ब्वाइजमा क्वार्टरफाइनलमा प्रवेश गरेका छन्। लालीगुराँसले भ्याली पब्लिकलाई ४५-३८ ले पराजित गऱ्यो। लालीगुराँसको जितमा सुरेश बिसीले १२ अंक योगदान गरे। डेविड राईको १० अंक सहयोगमा हेराल्डले न्यूटनलाई ३६-२९ ले हरायो। ब्वाइजमै जेभियरले गोल्डेनगेटलाई ३८-३४ तथा सीसीआरसीले ग्रिनफिल्डलाई ६०-३४ ले पाखा लगाउँदै क्वार्टरफाइनलमा स्थान सुरक्षित गरे। जेभियरका प्रिन्स कुशवाहले ११ तथा सीसीआरसीका जेनिश अधिकारीले १६ स्कोर गरे।

ब्वाइजमा क्वार्टरफाइनल समीकरण तयार भएको छ। क्वार्टरफाइनल निम्स र लालीगुराँस, सीसीआरसी र गोल्डेनगेट, जेभियर र हेराल्ड तथा मनास्लु र सगरमाथाबीच क्वार्टरफाइनल हुनेछ।

ANNAPURNA MEDIA NETWORK
समस्यामा राहत
यहाँहरुको पारिवारिक तथा व्यक्तिगत जीवनमा आइपर्ने समस्या जसमा सूचना प्रकाशन/प्रसारण गर्नुपर्ने अवस्थामा अन्नपूर्ण मिडिया नेटवर्कको राहत सहित विशेष छुट योजना

विशेष योजनाका सेवाहरू
मानिस हराएको
कागजात हराएको
सवारी साधन हराएको
समवेदना/श्रद्धाञ्जली
थप जानकारीका लागि :
९८०१११११२६६/९८५१०४१७३९/९८०१०४७९३५

EoI for Partnership

The Fred Hollows Foundation (FHF) is an international non-government development organization. Since 1992, The Foundation has worked internationally on comprehensive quality eye care, with a focus on cataract. We work with blindness prevention organizations in 20+ countries throughout Africa and Asia.

FHF Nepal will be implementing 1.5 Year project entitled "Expansion of Intra Ocular Lens (IOL) Manufacturing Factory". Hence FHF is inviting EoI from qualified National Non-Government Organizations (NGOs) to partner with FHF in implementing project activities in Basamadi, Heatuda, Makwanpur.

Minimum Criteria for Application and Eligibility for Selection:

- Legally registered as NGO in Nepal
- The NGO should have PAN registration
- Renewal of tax exemption certificate or tax clearance certificate obtained
- Renewal of organization registration
- The NGO must have at least 10 years' experience in IOL manufacturing
- The NGO should be WHO Collaborating Center
- Able to share certain percent of total project costs
- Duly filled EoI as per the format provided (can be requested via email: fhfnepal@hollows.org)

The completed EoI should be submitted in a sealed envelope to the address mentioned below by **14 August 2026 before 5:00 PM.**

FHF reserves the right to accept or reject any or all applications without giving any reason whatsoever.

The Fred Hollows Foundation
Country Office – Nepal
Kathmandu, Nepal
+977-1-4575554
Email: fhfnepal@hollows.org
Web: www.hollows.org

जुनियर क्रिकेट लिग आइतबारदेखि

अन्नपूर्ण | *काठमाडौं*

एन्जल्स हार्ट नेसनल स्कुलको आयोजनामा जुनियर क्रिकेट लिग (जेसीएल)- सिजन २ आइतबारदेखि हुने भएको छ। प्रतियोगितामा २४ टिमको सहभागिता रहने आयोजक एन्जल्स हार्टका प्रधानाध्यापक टंकबहादुर थापाले मंगलबार आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए।

एन्जल्स स्पोर्ट्स एकेडेमी एन्ड रिक्रिएसन सेन्टरको व्यवस्थापन तथा नेपाल प्रिमियर लिग (एनपीएल) टिम काठमाडौं गुर्खाजको

सहयोगमा हुन लागेको प्रतियोगिताको विजेताले ३० हजार र उपविजेताले २० हजार नगद पुरस्कार पाउने छन्। सर्वोत्कृष्ट खेलाडी, उत्कृष्ट ब्याटस्म्यान, उत्कृष्ट बलर, उदीयमान खेलाडी र अनुशासित टिमलाई पनि पुरस्कृत गरिने छ।

सोही अवसरमा नेपाल ओलम्पिक कमिटीका सचिव रामकृष्ण श्रेष्ठ, राष्ट्रिय पुरुष क्रिकेट टोलीका पूर्वसदस्य शरद भेषावकर र एन्जल्स हार्टका अध्यक्ष लिलबहादुर पुनले सहभागी हुने टोलीका कप्तानको उपस्थितिमा ट्रफी सार्वजनिक गरेका थिए।

नेपाल न्युज नेटवर्क इन्टरनेसनल प्रालिद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : कर्पोरेट टावर, तीनकुने, काठमाडौं, पोस्ट बक्स नं. २४९९९, फोन : ४११२३२७, फ्याक्स : ४४८२१९९, E-mail : annapurna@amn.com.np, द.नं. १३५/०५८/०५९, म.क्षे.हु.द.नं. ०६९/०७०, अध्यक्ष : **क्याप्टेन रामेश्वर थापा**, प्रधान सम्पादक : **बालकृष्ण बस्नेत**